राज्यको कारण स्वास्थ्यकर्मी पलायन भइरहेका... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २९७ • २०८१ साल चैत १२ गते मंगलबार (25 March, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सरकारले घिसिङलाई हटायो

**टुडे समाचारदाता**

काठमाण्डु । केपी शर्मा ओली नेतृत्वको सरकारले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाएको छ ।

मन्त्रिपरिषद्को सोमबार बसेको बैठकबाट घिसिङलाई पदबाट हटाउने निर्णय गरेको जनाएको छ । यसअघि मन्त्रिपरिषद्बाटै उनलाई स्पष्टीकरण सोधिएको थियो । सो जवाफ पनि घिसिङले लेखेका थिए । तर, उनको स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै घिसिङलाई पदबाट हटाउने निर्णय भएको जनाइएको छ ।

एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेपछि साउन महिनाबाट नै उनलाई पदबाट हटाउने चर्चा चलेको थियो । यसबीचमा ऊर्जामन्त्रीस्तरीय निर्णयबाट तीनपटक घिसिङलाई स्पष्टीकरण सोधिएको थियो । आफूलाई मन्त्रिपरिषद्ले नियुक्त गरेकाले ऊर्जा मन्त्रालयबाट हटाउन नमिल्ने जवाफ घिसिङले दिएका थिए । त्यसपछि मन्त्रिपरिषद्बाटै उनलाई स्पष्टीकरण सोधिएको थियो भने । उनको पदावधि भने आगामी साउनमा सकिँदै थियो । सो को कार्यकारी निर्देशकमा हितेन्द्र देव शाक्यलाई नियुक्त गरिएकोछ ।

### सत्तागठबन्धन दलका नेताहरुबीच योजना लेनदेनमा सहमति

# छानबिन समिति गठन अस्वीकार गर्ने, विपक्षी दल अडानमा कायमै, आज प्रदेश सभा बैठक

**टुडे समाचारदाता**

जनकपुरधाम । विपक्षी दलहरुले योजना बिक्री गरेको भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवमाथि छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्ने राखेको मागलाई सत्तारुढ दलहरुले अस्वीकार गर्ने सहमति गरेको छ ।

प्रदेशसभाको आइतबार बसेको बैठकलाई विपक्षी दलहरुले अवरुद्ध गर्दै योजना बिक्री गरिरहेका भौतिक पूर्वाधार विकास मन्त्री यादव सहितको छानबिन गर्न प्रदेश सभाबाट उच्चस्तरीय समिति गठनको माग गरेका थिए ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बिहान बसेको सत्तागठबन्धन दलका नेताहरुको बैठकले विपक्षी दलहरुको समिति गठन गर्ने मागलाई सशक्त प्रतिवाद गर्ने सहमति गरेको स्रोतले जनाएका छन् । उच्चस्रोतका अनुसार योजनाको विषयमा नेपाली कांग्रेस र एमालेका मन्त्रीहरुबीचको विवादलाई बैठकले सहमतिमा टुंग्याएको छ ।

बैठकमा भएको सहमति अनुसार भौतिक पूर्वाधार विकास मन्त्री यादवले नेपाली कांग्रेसलाई २५ करोडको हाराहारीमा योजना उपलब्ध गराउने र अर्थमन्त्री सुनिल कुमार यादवले रोकेको योजनाहरुको पीएलएमबीआईएस खुल्ला गर्ने छन् । तर त्यसका लागि पहिले भौतिक पूर्वाधार मन्त्रालयले योजनाहरु सुनिश्चित गर्ने र त्यसपछि पीएलएमबीआईएस खोलिने स्रोतले जनाएका छन् । तर स्रोतका अनुसार बैठकमा कांग्रेसले असन्तुष्टिका बीच सहमति गरेको छ ।

सत्तागठबन्धनमा सहमति भए लगतै योजना बिक्री गर्ने मन्त्रीका दलालहरुको सक्रियता ह्वात्तै बढेको बताइएको छ । विवादले योजना बिक्री अलपत्र हुन थालेको थियो ।

कांग्रेसका नेताहरुले भौतिक पूर्वाधार मन्त्री यादव र युवा, खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद जयसवालले योजना बेचेको आरोप लगाउँदै असन्तुष्टि जनाएका थिए । गत फागुन २९ गते कांग्रेस संसदीय दलका नेता कृष्णा यादवले विज्ञप्ति जारी गर्दै एमालेका मन्त्रीहरुले गरिरहेको योजना बेचबिखनको साक्षी नबस्ने धम्की दिएका थिए । सरकारले बेथिती र विकृतिहरु नहटाइए सरकारबाट नै अलग्गिने आशय यादवले व्यक्त गरेका थिए । तर मुख्यमन्त्री सिंह र भौतिक मन्त्री यादवले उनलाई टेरेका थिएनन् ।

विपक्षी दलहरुले प्रदेशसभाको बैठक अवरुद्ध गर्दै उच्चस्तरीय छानबिन समिति गठन गर्न माग गरेपछि मुख्यमन्त्री सतीशकुमार सिंहले सभामुखसित सत्तागठबन्धन दलहरुबीच सोमबार छलफल गर्ने समय लिएका थिए ।

सत्ता गठबन्धन दलका नेताहरुले विपक्षी दलहरुको माग अनुसारको छानबिन समिति गठन गर्न नदिने सहमति गरे अनुसार मंगलबारको बैठकमा सशक्त रुपमा प्रस्तुत हुने तयारी गरेको बताइएको छ ।

> सभामुख रामचन्द्र मण्डलले मंगलबार बिहान ८ बजे सर्वदलीय बैठक बोलाएका छन् । उनले बिहान बोलाएको बैठकमा दलका नेताहरु र प्रमुख सचेतकहरुको सहभागिता रहने छ । बिहानको बैठकमा विपक्षीहरुको मागलाई सम्बोधन गर्न मुख्यमन्त्रीले जवाफ दिने र प्रदेश सभामा मन्त्रीहरुमाथि उठेको विषयमा सम्बन्धित मन्त्रीहरुले जवाफ दिने सहमति जुटाउने सरकारी पक्षको तयारी छ ।

मुख्यमन्त्री सिंहको अध्यक्षतामा बसेको दलका नेताहरुको बैठकमा एमालेबाट भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादव, नेपाली कांग्रेसबाट दलका नेता कृष्णाकुमार यादव, जनमत पार्टी दलका नेता महेश प्रसाद यादव र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)बाट शिक्षा तथा संस्कृती मन्त्री रानी कुमारी तिवारीको सहभागिता रहेको थियो ।

बैठकमा योजनाहरुको विषयमा सहमति भएपछि सरकारको पक्षमा उभिन कांग्रेस सहमत भएको स्रोतले जनाएका छन् । स्रोतका अनुसार कांग्रेस र एमालेका मन्त्रीहरुको विवादको कारण मुख्यमन्त्री तनावमा परेका थिए ।

प्रदेश सभाको बैठकमा मुख्यमन्त्री सिंहले विपक्षी दलहरुको माग अनुसार जवाफ दिने भएका छन् । जनमत पार्टी दलका नेता यादवले जनाए अनुसार विपक्षीहरुले मुख्यमन्त्री सिंहको जवाफ माग गरेकाले सदनमा उहाँले जवाफ दिनुहुने बताएका छन् । मुख्यमन्त्री सिंहले भारत उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई प्रदेश सरकार र संघीय सरकारलाई बिना जानकारी गोरखपुरमा भेटेको विषयमा विपक्षी दलहरुले जवाफ माग गरेका हुन् ।

सभामुख रामचन्द्र मण्डलले मंगलबार बिहान ८ बजे सर्वदलीय बैठक बोलाएका छन् । उनले बिहान बोलाएको बैठकमा दलका नेताहरु र प्रमुख सचेतकहरुको सहभागिता रहने छ । बिहानको बैठकमा विपक्षीहरुको मागलाई सम्बोधन गर्न मुख्यमन्त्रीले जवाफ दिने र प्रदेश सभामा मन्त्रीहरुमाथि उठेको विषयमा सम्बन्धित मन्त्रीहरुले जवाफ दिने सहमति जुटाउने सरकारी पक्षको तयारी छ ।

तर विपक्षी दलहरुले सरकारी पक्षको मागलाई स्वीकार गर्ने देखिदैन । प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी(जसपा)नेपालका नेता सरोज कुमार यादवले उच्चस्तरीय संसदीय छानबिन गठन गर्नु आफूहरुको बटमलाइन रहेको बताएका छन् । 'सरकारले समिति बनाउन सहमत नभएसम्म प्रदेश सभाको बैठक चल्न दिने छैनौं' उनले भने, विगतमा पनि मन्त्रीमाथि प्रश्न उठेपछि यसै प्रदेश सभाबाट उच्चस्तरीय छानबिन समिति गठन भएको नजिर छ ।

तर उच्चस्रोतले जनाए अनुसार विपक्षी दलहरुले अडान नछाडे अनिश्चितका लागि प्रदेश सभा बैठक स्थगनका लागि तयारी गरेको छ । सरकारी पक्षले सभामुख मण्डलसित विपक्षीहरुले बिहानको बैठकमा अडान नछाडे अनिश्चितका लागि बैठक स्थगन गर्न सहयोग मागेको स्रोतले जनाएका छन् ।

विपक्षी दलहरुले अडान नछाडे समिति गठन गर्ने मागलाई टार्न सभामुखले सुचना टाँस गरी बैठकलाई अनिश्चितकालका लागि स्थगन गर्न सहमत भइसकेको स्रोतले जनाएका छन् । चैत महिनासम्म प्रदेशसभाको बैठक नबस्ने गरी मुख्यमन्त्री सिंहले सभामुखसित कुरा मिलाएको स्रोतले जनाएका छन् ।






# वीरगञ्ज नाकाबाट एक खर्ब २२ अर्बको पेट्रोलियम पदार्थको आयात

वीरगञ्ज । चालु आर्थिक वर्षको आठ महिनामा वीरगञ्ज नाका भएर रु एक खर्ब २२ अर्ब २० करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ। डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात भएको हो ।



गत आवको आठ महिनाका तुलनामा चालु आवको सोही अवधिमा रु एक अर्ब ६७ करोड बढीको पेट्रोलियम पदार्थ आयात भएको हो । गत आवको आठ महिनामा रु एक खर्ब २० अर्ब ५३ करोडको पेट्रोलियम पदार्थ आयात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा पेट्रोलियम पदार्थको आयात र राजस्व बढेको बताउनुभयो ।

"अहिले पूर्वाधार निर्माणको समय भएकाले पनि पेट्रोलियम पदार्थको आयात बढेको देखिन्छ", उहाँले भन्नुभयो । कार्यालयका अनुसार, चालु आवको आठ महिनामा सबै खालका पेट्रोलियम पदार्थको आयातबाट रु ५० अर्ब १३ करोड राजस्व सङ्कलन भएको छ। गत आवको सोही अवधिमा रु ४४ अर्ब ८० करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको आठ महिनामा रु ६१ अर्ब ४५ करोड बराबरको छ लाख ८५ नौ सय ९१ किलोलिटर डिजेल आयातबाट रु २७ अर्ब ३१ करोड राजस्व सङ्कलन भएको प्रमुख भन्सार प्रशासक लामिछानेले बताउनुभयो । यस्तै, चालु आवको आठ महिनामा रु २५ अर्ब ३० करोड मूल्यको दुई लाख ९० हजार तीन सय ८२ किलोलिटर पेट्रोल आयात हुँदा रु १६ अर्ब ४८ करोड राजस्व सङ्कलन भएको छ।

चालु आवको आठ महिनामा रु २४ अर्ब पाँच करोड मूल्य बराबरको २१ करोड ४२ हजार सात सय ८१ किलोग्राम एलपिजी ग्यास आयात भएको छ । यसबाट रु चार अर्ब ५० करोड राजस्व सङ्कलन भएको छ। गत आवको आठ महिनामा भने रु १९ अर्ब ५२ करोडको १८ करोड ६८ लाख १२ हजार एक सय २० किलोग्राम एलपिजी ग्यास आयात भएको थियो ।रासस

# कृषि स्वास्थ्यका महत्वपूर्ण भूमिका



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा कृषि, स्वास्थ्य र वातावरण नेपाल परियोजना अन्तर्गत नेपाल जनस्वास्थ्य प्रतिष्ठानले गरेको कार्यको अनुभव आदानप्रदान गरेको छ।

जनकपुरधाममा सोमबार कृषि, स्वास्थ्य र वातावरण नेपाल परियोजनाको तेस्रो चरणमा रहेको जनाउँदै प्रतिष्ठानका प्रतिनिधि सृजना भट्टराईले कृषि र स्वास्थ्यलाई जोडेर विषादी नियन्त्रण गर्नका लागि जोड दिइन् ।

स्वास्थ्य अधिकारको काम, कृषि स्वास्थ्य वातावरणमा काम गर्दै आएको बताउँदै उनले विषादी न्यूनीकरणका लागि कृषि मन्त्रालय र स्वास्थ्य मन्त्रालय बीच समन्वय भएमा मात्रै प्रभावकारी हुने बताइन् ।

एनले मधेश प्रदेश र प्रदेश नम्बर १ को संयुक्त रुपमा स्वास्थ्य तथा कृषिसंग जोडिएर सेमिनार योजना गर्ने योजना रहेको बताइन्।

सो कार्यक्रममा मन्त्रालयका वरिष्ठ पशु चिकित्सक सरोज चौधरीलगायतका कर्मचारीहरुको समेत सहभागिता रहेको थियो ।

# गौर नगरपालिकाद्वारा थर्मोकोजुलेटर मेसिन हस्तान्तरण

**दिलीप पाण्डे**

रौतहट । रौतहटको गौर नगरपालिकाले महिलाहरुको स्वास्थ्य परीक्षण र उपचार सेवामा सुधार ल्याउने उद्देश्यले गर्भवती महिला तथा पाठेघरसम्बन्धी रोगहरूको पहिचान र उपचारका लागि अल्ट्रासाउन्ड र थर्मोकोजुलेटर मेसिन हस्तान्तरण गरेको छ।



गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले एक विशेष कार्यक्रमका बीच अत्याधुनिक उपकरणहरू स्वास्थ्यकर्मीलाई हस्तान्तरण गरे ।

नगर प्रमुख साहले नगरका महिलाहरूको स्वास्थ्य सुधारका लागि नगरपालिकाले निरन्तर रूपमा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको र यस किसिमको पहलले महिलाहरूको स्वास्थ्य सेवामा गुणस्तर वृद्धि गर्ने विश्वास व्यक्त गरे। उनले गर्भवती महिलाको स्वास्थ्य परीक्षणका लागि अल्ट्रासाउन्ड मशिन र पाठेघरको मुखको क्यान्सर कारक ब्याक्टेरिया नष्ट गर्नका लागि थर्मोकोजुलेटर मशिन प्रदान गरिएपछि नगरका महिलाहरूलाई समयमै स्वास्थ्य समस्या पहिचान र उपचारमा सहजता हुने बताए ।

नगरपालिकाले ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम अन्तर्गत प्रदान गरेको उपकरणहरू तालिम प्राप्त नर्सिंग स्टाफ सबनम खातुनलाई हस्तान्तरण गरिएको छ।

खातुनले गर्भवती महिला र अन्य महिलाहरूको स्वास्थ्य परीक्षण तथा उपचारमा उपकरण प्रभावकारी हुने विश्वास व्यक्त गरिन् । उपकरणको माध्यमबाट महिलाहरूको स्वास्थ्य समस्या पहिचान गर्न र उपचार गर्न निकै सहज हुनेछ खातुनले भनिन् ।

नगरपालिकाले हरेक वडामा मोबाइल स्वास्थ्य टोली परिचालन गरी उपकरणहरूको उपयोग गर्ने योजना बनाएको छ । नगरपालिकाका स्वास्थ्य संयोजक दिनबन्धु यादवका अनुसार स्वास्थ्य टोलीले महिलाहरूको स्वास्थ्य परीक्षणका लागि वडास्तरमा नै सेवा प्रदान गर्नेछ।

महिलाहरूलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि उपकरणको उपयोग गरिनेछ। ग्रामीण क्षेत्रमा पनि महिलाहरूले विशेषज्ञ स्वास्थ्य सेवा पाउने छन् यादवले भने ।

# लहानमा आधुनिक तरकारी बजार



सिरहा । लहान नगरपालिकाले कृषि उत्पादनको व्यवस्थित बजारीकरणलाई प्राथमिकता दिँदै यहाँको नयाँबजारस्थित खुट्टीखोला किनारामा आधुनिक तरकारी बजार बनाइने भएको छ। नगरप्रमुख महेशप्रसाद चौधरीले रु दुई करोड २९ लाख ७४ हजार पाँच सय २० लागतमा बन्ने पक्की संरचनाको आज शिलान्यास गर्नुभयो ।

जनसंख्या र व्यपार व्यवसायका दृष्टिकोणले लहान मधेस प्रदेशकै तेस्रो स्थानमा पर्ने भएकाले यहाँका किसानका उत्पादनलाई व्यवस्थित गरी बजारीकरण गर्न आधुनिक संरचना निर्माण गर्न लागेका नगरप्रमुख चौधरीको भनाइ छ।

"जनसंख्या र व्यपार व्यवसायका हिसाबले वीरगञ्ज र जनकपुरपछि लहान मधेस प्रदेशकै ठूलो बजार हो । तत्कालीन सगरमाथा अञ्चलको सबैभन्दा ठूलो व्यापारिक केन्द्र पनि लहान हो। यो ठाउँमा पहिलेदेखि अव्यवस्थित रूपमा हाट बजार चलिरहेकै थियो, यसलाई व्यवस्थित बनाउँन लागेका छौँ", उहाँले भन्नुभयो, "बढ्दो जनघनत्वलाई मध्यनजर गर्दै बन्ने सुविधासम्पन्न संरचनाले यहाँका किसान, बजारवासी सम्पूर्णलाई प्रत्यक्ष लाभ पुग्ने विश्वास लिएको छु।"

नगरप्रमुख चौधरीका अनुसार तीनवटा 'ब्लक' मा ८४ वटा सटरसहित दुई तले पक्की संरचना निर्माण हुनेछ। किसानलाई उत्पादन बिक्री गर्न सहज हुनेगरी स्टल उपलब्ध गराइने पनि उहाँले जानकारी दिनुभयो। हो विसं २०८३ असार २० गतेसम्म सम्पन्न गर्नेगरी निर्माणको ठेक्का सम्झौता भएको छ। लामो समयदेखि व्यवस्थित हाट बजार बनाउन प्रयास हुँदै आएको भए पनि यस पटक काम सुरू भएकाले यहाँका तरकारी व्यवसायीलाई उत्साहित तुल्याएको यहाँका हाटबजार समितिका अध्यक्ष राजकुमार साहले बताउनुभयो ।

उहाँले भन्नुभयो, "करिब पाँच बिघा क्षेत्रफलमा यहाँ हटिया सञ्चालन हुँदै आएको छ। हप्तामा सोमबार र शुक्रबार दुई दिन लाग्ने हटियामा पचासौँ हजार मानिस हटिया भर्न आउने गर्दछन् । यस्तो व्यस्त हाट बजारलाई नगरपालिकाले व्यवस्थित संरचना बनाइदिने कार्यले यहाँका तरकारी व्यवसायिलाई उत्साहित बनाउने काम गरेको छ।"

बढ्दो जनसंख्याको चापसँगै व्यवस्थित बजारको अभावमा राजमार्ग किनारमै बाटोलाई छेकेर तरकारी बजार सञ्चालन समेत हुने गरेको थियो। आधुनिक बजारमा सेवा सुरू भएपछि दैनिक करोडौँको कारोबार हुने अपेक्षा व्यवसायीले गरेका छन् ।रासस

# विश्व क्षयरोग दिवसः जनचेतनामूलक कार्यक्रमका साथ मनाइँदै

काठमाण्डु । हरेक बर्ष २४ तारिखकै दिन संसारभर विभिन्न कार्यक्रम आयोजना गरी अन्तरराष्ट्रिय क्षयरोग दिवस मनाइन्छ । क्षयरोग रोग विरुद्ध जनचेतना जगाउने, सरल र सहज रुपमा उपचारको प्रबन्ध गर्ने, गराउने उद्देश्यका साथ यो दिवस मनाउने गरिएको छ।

दिवसको यस वर्षको नारा 'हो, हामी क्षयरोग अन्त्य गर्न सक्छौं । लगानीको प्रतिबद्धता र सेवा प्रवाहको सुनिश्चतता, आजको आवश्यकता' भन्ने तय गरिएको छ। यस दिवसले क्षयरोग महामारीको अन्त्यका लागि गरिएका प्रतिबद्धता, प्रयास, तथा उपलब्धीलाई सम्झिने अवसर समेत प्रदान गरेको छ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले दिवसका अवसरमा विभिन्न जनचेतनामूलक कार्यक्रमको आयोजना गर्ने तयारी गरेको छ। उक्त रोगका कारण नेपालमा हजारौं मानिस प्रभावित भइरहेका छन् । विश्वव्यापी रुपमा क्षयरोग अन्त्यका लागि गरिएका हाम्रो साझा तथा सामूहिक संकल्पमा केन्द्र कटिबद्ध रहेको जनाएको छ।




केन्द्रका निर्देशक डा. श्रीराम तिवारीले जारी गर्नुभएको विज्ञप्तिमा क्षयरोग (टीबी) विश्वभर लाखौं मानिसलाई प्रभावित गर्ने सरुवा रोग भएको र नेपालमा यो जनस्वास्थ्य समस्याको रुपमा रहिआएको उल्लेख छ। सन् २०२३ मा विश्व स्वास्थ्य सङ्गठनका अनुसार नेपालमा अनुमानित ६८ हजार नयाँ क्षयरोग प्रभावित व्यक्तिहरू थिए, जसको दर प्रति एक लाख जनसंख्यामा २२९ रहेको थियो । त्यसैगरी क्षयरोगका कारण १६ हजारको मृत्यु भएको अनुमान गरिएको छ। जसको मृत्युदर प्रति एक लाख जनसंख्यामा ५४ थियो।

सोही अवधिमा, राष्ट्रिय क्षयरोग कार्यक्रमले ४० हजार ७७६ जना क्षयरोग प्रभावित व्यक्ति उपचारका लागि दर्ता गरेको थियो । त्यसमा ३९ प्रतिशत महिला र ६१ प्रतिशत पुरुष थिए । पत्ता लागेका औषधि प्रतिरोधी क्षयरोग प्रभावित व्यक्ति ७५६ जना थिए। उपचारका लागि दर्ता भएका मध्ये ७२ प्रतिशत फोक्सोको क्षयरोग र २८ प्रतिशत फोक्सो बाहिर अन्य अङ्गमा लाग्ने क्षयरोगी थिए । त्यसैगरी उपचार सफलता दर ९२ प्रतिशत छ। उल्लेखनीय प्रगतिका बावजुद, नेपालले अझै पनि क्षयरोग अन्त्यका लागि धेरै चुनौतीको सामना गरिरहेको केन्द्रले जनाएको छ।

अनुमानित क्षयरोग प्रभावित व्यक्ति र उपचारको दायरामा आएका क्षयरोग प्रभावित व्यक्तिको संख्यामा ठूलो अन्तर छ । करिब ४० प्रतिशत अनुमानित क्षयरोग प्रभावित व्यक्तिलाई उपचारको दायरामा ल्याउन सकिएको छैन । पर्याप्त स्रोतको अभाव 'राष्ट्रिय क्षयरोग कार्यक्रमको पञ्च वर्षीय क्षयरोग रणनीतिक योजना २०२१/२२ देखि २०२५/२६' का अनुसार पाँच वर्षको लागि क्षयरोग कार्यक्रमको बजेट एक सय ९२ मिलियन अमेरिकी डलर रहेकोमा एक सय १० मिलियन मात्र (अनुमानित) उपलब्ध छ। त्यो भनेको ४३ प्रतिशत बजेट अभाव हुनु हो।

क्षयरोगको कारणबाट रोगीको परिवारमा अधिक आर्थिक व्ययभार परेको छ। राष्ट्रिय क्षयरोग बिरामी लगत सर्वेक्षण-२०२४ का अनुसार नेपालमा ५१ प्रतिशत क्षयरोग प्रभावित व्यक्ति तथा उनीहरूको परिवारलाई यस रोगको कारणबाट अधिक आर्थिक व्यय भार परेको छ।

रोग अन्त्यका लागि सबै क्षेत्रको सहकार्य हुन नसक्दा थप प्रगति हासिल हुन नसकेको केन्द्रले स्पष्ट पारेको छ । रोगको अन्त्यका लागि स्वास्थ्य क्षेत्रसहित, स्वास्थ्य बाहेकका अन्य क्षेत्रहरू जस्तैः शिक्षा, श्रम तथा रोजगार, सामाजिक सुरक्षण लगायत अन्यको पनि महत्त्वपूर्ण योगदान रहनु आवश्यक छ । यसका साथै नीजि क्षेत्र र समुदायको संलग्नता पनि उत्तिकै महत्त्वपूर्ण छ।

चुनौतीलाई समाधान गर्न केन्द्रले निरन्तर आफ्ना प्रयासलाई परिस्कृत गर्दै लगेको जनाएको छ। नेपालभर क्षयरोग उपचारका सेवा छ हजार २४१ स्वास्थ्य संस्था र निदानका सेवा ८०० स्वास्थ्य संस्थामा निःशुल्क उपलब्ध छन् ।

रोगको द्रूत परीक्षण सेवाको पहुँच ६७ जिल्लाका ११७ स्वास्थ्य संस्थामा पुगेको छ। यो परीक्षणबाट क्षयरोग प्रभावित व्यक्तिको औषधि प्रतिरोधको अवस्था थाहा पाउन सकिन्छ । औषधि प्रतिरोधी क्षयरोगका बिरामीको उपचार सेवा २९ वटा उपचार केन्द्र र ९८ उपचार उप- केन्द्रबाट प्रदान गरिँदै आएको केन्द्रले जनाएको छ। औषधि प्रतिरोधी बिरामीको लागि इन्जेक्सनरहित छोटो अवधिको, छ महिने उपचार 'रेजिमेन' उपलब्ध गराएको छ।

मुलुकको सङ्घीय संरचनालाई ध्यानमा राखी नेपालले नवीनतम् प्रयासको रुपमा स्थानीय तहको नेतृत्व, उत्तरदायित्व र अपनत्व विकास गरी क्षयरोग अन्त्यका लागि भएका प्रयासलाई दिगो रुपमा गति दिनको लागि क्षयरोग मुक्त नेपाल अभियान १४९ स्थानीय तहमा विस्तार गरिएको छ। एआई जडित डिजिटल एक्सरे मेसिनद्वारा समुदायमा क्षयरोग बिरामीको सक्रिय खोजपड्ताल सुरुआत भएको छ।

राष्ट्रिय क्षयरोग छैटौं औषधि प्रतिरोध सर्वेक्षण र पहिलो क्षयरोग बिरामी लगत सर्वेक्षण जस्ता महत्त्वपूर्ण अध्ययनसम्पन्न भएको छ। प्रत्येक वर्ष क्षयरोग रोकथाम, निदान, र उपचारसम्बन्धी सीप अभिवृद्धि तालिम सञ्चालन गरिएको छ। यी प्रयास प्रभावकारी भएपनि, क्षयरोग अन्त्यका लक्ष्य प्राप्तिका लागि सुधार गर्न धेरै बाँकी रहेको केन्द्रले जनाएको छ।

आगामी दिनमा क्षयरोग प्रभावित व्यक्तिको पहिचानमा वृद्धि गर्ने, आवश्यक स्रोत तथा साधन जुटाउन तथा परिचालनको लागि स्थानीयतहलाई नेतृत्वदायी भूमिका प्रदान, एकीकृत सेवा उपलब्ध गराउने लक्ष्य राखिएको छ। त्यसैगरी स्वास्थ्य प्रणालीलाई सुदृढ गरी गुणस्तरीय उपचार सेवा सुनिश्चित गर्नुका साथै निजी क्षेत्रको संलग्नतालाई सुदृढीकरण गर्ने र क्षयरोग प्रभावित व्यक्तिलाई सामाजिक सुरक्षण प्रदान गर्न आवश्यक समन्वय तथा सहकार्य बढाउन विशेष प्राथमिकता निर्धारण गरिएको छ।

सन् २०३० सम्ममा क्षयरोग महामारीको अन्त्य र २०५० सम्ममा क्षयरोग मुक्त नेपाल हासिल गर्ने लक्ष्यतर्फ केन्द्र अग्रसर रहेको विज्ञप्तिमा उल्लेख छ । हरेकबर्ष विश्वमा ८० लाख नयाँ क्षयरोगी थपिन्छन भने २० लाखको क्षयरोगकै कारणले मृत्यू हुने गरेको डरलाग्दो तथ्याङ्क छ।

तीन हप्ता वा सो भन्दा बढी समयदेखि लगातार खोकी लागेमा, खकारमा रगत देखिएमा, श्वास फेर्न गाह्रो भएमा वा छाती भारी भइरहेमा, अकास्मात धेरै तौल घटेमा यस रोग लागेको हुन सक्छ। त्यस्तै पसिना आउने धेरै भएर थकान बढी महसुस भएमा नजिकैको स्वास्थ चौकी गएर परीक्षण गर्नुपर्दछ । शारिरीक अवस्था कमजोर भई रोग प्रतिरोधात्मक क्षमता कम भएकामा यो रोगको संक्रमण हुन सक्छ। यो रोगसँग डराउनु नपर्ने र यसको निःशुल्क उपचारको प्रबन्ध गरिएको छ।

रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका मान्छेमा, चुरोट रक्सी या लागुऔषध सेवन गर्नेमा र क्षयरोगको औषधिको पूर्ण मात्रा सेवन नगरेमा उक्त रोगको पुनः संक्रमण फेरि देखिन सक्ने भएकाले उपचारमा विशेष ध्यान दिनु आवश्यक हुने जनाइएको छ । औषधिको नियमित सेवनले क्षयरोग निको हुने चिकित्सकहरुको भनाइ छ ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सम्पत्ति आर्जनको अवसर मिल्नेछ । साथीभाइको सहयोग पाइनेछ । |
| वृष : | बोल्ने क्रममा विचार पुर्याउनुहोस् । मित्र टाढिन सक्छन्, सचेत रहनुहोस् । |
| मिथुन : | आर्थिक लाभ हुनेछ। शिक्षामा गरेको मेहनत सफल हुनेछ। |
| कर्कट : | स्वास्थ्यमा सुधार आउनेछ। मानसिक शान्ति बढ्नेछ। |
| सिंह : | योजनामा अवरोध आउन सक्छ । दृढताले सफलता मिल्नेछ। |
| कन्या : | रोगबाट मुक्ति मिल्नेछ। दामपत्य जीवन सुखद रहनेछ। |
| तुला : | बोल्दा विचार पुर्याउनुहोस् । **वृश्चिक** :नयाँ रोगको जोखिम छ। |
| धनु : | परिश्रमको फाइदा आफन्तले उठाउन सक्छन् । |
| मकर : | झुटा आरोप लाग्न सक्छ। खर्च बढ्ने सम्भावना छ। |
| कुम्भ : | ईर्ष्यालुहरुसक्रियरहनेछन्, विवेकपूर्वक निर्णय लिनुहोस् । |
| मीन : | दामपत्य जीवन सुखद रहनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**मुखयमन्त्रीको स्टन्ट** : अस्पताल अनुगमनको अपार सफलता पछि मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह मोटरसाईकलमा बसेर होटल अनुगमनमा। *तस्बिर : टुडे*

### विश्व बैङ्कले देखेको नेपालको अर्थतन्त्रको परिदृश्य

# विप्रेषणले गरिबी घटायो, आन्तरिक अवसरबाट न्यून लाभ

काठमाण्डु । विप्रेषण र आप्रवासनका कारण पछिल्लो तीन दशकमा नेपालको गरिबी उल्लेख्य रूपमा घटे पनि आन्तरिक अर्थतन्त्र विस्तार भने निकै कमजोर देखिएको विश्व बैङ्कले जनाएको छ।

'नेपाल कन्ट्री इकोनोमिक मेमोरान्डम, २०२५' प्रतिवेदन सार्वजनिक गर्दै विश्व बैङ्कले सुदृढ आर्थिक वृद्धि हासिल गर्न आन्तरिक अवसरको खोजी गरी लाभ लिन सक्नुपर्ने सुझाव दिएको छ। निर्यात, जलविद्युत् उत्पादन, पर्यटन, सूचना प्रविधिलगायत क्षेत्रबाट लाभ लिनसक्ने प्रचुर सम्भावना भए पनि नेपालले ती अवसर गुमाइरहेको प्रतिवेदनको निश्कर्ष छ । विप्रेषण तथा आप्रवासनले गरिबी निवारणमा उल्लेख्य भूमिका खेले पनि नेपालले यस क्षेत्रबाट उत्पादनशील क्षेत्रमा लगानी र आन्तरिक रोजगारी सिर्जनामा थप लाभ लिन नसकेको पनि विश्व बैङ्कले जनाएको छ।

"नेपालले विगत तीन दशकमा गरिबी निवारणमा उल्लेखनीय सफलता प्राप्त गरेको छ । सन् १९९५ मा करिब ५५ प्रतिशत नेपालीहरू अत्यन्त गरिबीको सामना गरिरहेकामा सन् २०२३ सम्ममा यो संख्या ५४ दशमलव आठ प्रतिशतले घटेको छ तर यो गरिबी न्यूनीकरण द्रुत आर्थिक वृद्धिबाट नभई मुख्य रूपमा आप्रवासन र विप्रेषणको प्रभावबाट भएको हो", प्रतिवेदनमा भनिएको छ, "सन् १९९६ देखि २०२३ सम्म नेपालको अर्थतन्त्र वार्षिक औसत चार दशमलव दुई प्रतिशतले मात्र बढेको छ । दक्षिण एसियामा नेपालको वृद्धिदर छैटौँ स्थानमा छ।" उच्च अङ्कको आर्थिक वृद्धि हासिल गर्न नेपालभित्र अनेकौँ संरचनागत चुनौतीहरू कायम रहेको प्रतिवेदनमा उल्लेख छ।

नेपालको वस्तु तथा सेवा निर्यातले आर्थिक वृद्धिमा निकै कम मात्र योगदान दिइरहेको छ । निर्यात बढाएर लाभ लिनसक्ने राम्रो सम्भावना भए पनि त्यसका लागि कानुनी, नीतिगत तथा संरचनागत अवरोध रहेको विश्व बैङ्कले जनाएको छ । "उच्च उत्पादन लागत, कमजोर प्रतिस्पर्धा र सुस्त पूर्वाधार विकासले आर्थिक वृद्धिलाई अवरुद्ध गरेको छ । जलविद्युत्को सम्भावना उच्च भए पनि यसको विकास अपेक्षाकृत रूपमा निकै ढिलो भइरहेको छ । प्रविधिको प्रयोग बढाउन कमजोर पूर्वाधार, नियामकीय चुनौती, डिजिटल साक्षरता अभावलगायत अवरोध छन्", प्रतिवेदनमा भनिएको छ।

नेपालले हरेक वर्ष राख्ने महत्वाकांक्षी आर्थिक वृद्धिका लक्ष्यहरू हासिल गर्न विद्यमान नीति पर्याप्त नरहेका पनि प्रतिवेदनमा उल्लेख छ। हाल कार्यान्वयनमा रहेको १६औँ आवधिक योजनाले सन् २०२९ सम्म वार्षिक सात दशमलव एक प्रतिशतको जिडिपी वृद्धिको अनुमान गरेको छ । तर आधार भूत प्रक्षेपणअनुसार आगामी वर्षहरूको सम्भावित वृद्धिदर चार प्रतिशत हाराहारी मात्रै रहने विश्व बैङ्कले जनाएको छ। नेपालको विकास आकांक्षा पूरा गर्न आर्थिक वृद्धिका अवसरको पहिचान प्रतिवेदनमार्फत गरिएको छ । "निजी क्षेत्रको प्रवर्द्धनसहित निर्यात वृद्धि गर्नु जरूरी छ। जलविद्युत्, पर्यटन, र डिजिटल सेवाजस्ता क्षेत्रहरूलाई प्रवर्द्धन गर्न सके नेपालले पर्याप्त रोजगारीका अवसर सिर्जना गर्न सक्छ", प्रतिवेदनमा भनिएको छ । नेपाललाई दीर्घकालीन आर्थिक वृद्धि र समृद्धितर्फ अग्रसर गराउन नीति निर्माताहरूले यी विषयहरूलाई ध्यानमा राख्नुपर्ने सुझाव छ । सीप अभिवृद्धि, संस्थागत क्षमता सुदृढीकरण, उद्यमहरूको प्रतिस्पर्धात्मकता सुधारलगायत कार्यबाट आन्तरिक उत्पादन र उत्पादकत्व बढाउन नसके दीर्घकालीन सम्भावित आर्थिक वृद्धिदर चार प्रतिशतभन्दा तल झर्न सक्ने चेतावनी पनि विश्व बैङ्कले दिएको छ।

प्रतिवेदनले आप्रवासन क्षेत्रबाट थप लाभ लिन सक्ने विषयको पहिचान, विदेशी मुद्रा विनिमय दरको प्रभाव तथा व्यापार नीतिहरूले नेपालको वस्तु निर्यातमा पार्ने प्रभावको विश्लेषण, जलविद्युत् र प्रविधिकरण (डिजिटलाइजेसन) को सम्भावनालगायत विषय समेटी नेपालको आर्थिक विकासका लागि सुझावसमेत दिएको छ । नेपालको आर्थिक वृद्धि अपेक्षित रूपमा बढ्न नसक्नुमा राजनीतिक अस्थिरता, प्राकृतिक प्रकोप र बाह्य निर्भरता जस्ता कारण देखाइएका छन्। सन् १९९६ देखि २०२३ सम्मको अवधिमा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय वार्षिक रूपमा औसत सात दशमलव तीन प्रतिशतले मात्र वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । यस्तै, यस अवधिमा श्रम स्वीकृति लिने नयाँ आप्रवासी श्रमिकको संख्या ६६ लाख नाघेको र जुन कुल जनसंख्याको सात प्रतिशतभन्दा बढी रहेको जनाइएको छ।





यस अवधिमा निर्यात र औद्योगिक क्षेत्रले आर्थिक वृद्धिमा न्यून योगदान दिएको पनि प्रतिवेदनमा उल्लेख छ। "नेपालमा निर्यातले आर्थिक वृद्धिमा उल्लेखनीय योगदान दिन सकेको छैन । अन्य विकासशील राष्ट्रहरूमा आर्थिक वृद्धिको प्रमुख स्रोत रहेको उत्पादन क्षेत्र नेपालमा निरन्तर घट्दो छ", प्रतिवेदनमा भनिएको छ, "नेपालले वस्तु तथा सेवा निर्यातबाट आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न अझै बाँकी छ । समग्र उत्पादकत्व अझै पनि न्यून छ, आर्थिक वृद्धिमा योगदान दिन सकेको छैन ।" नेपालमा उत्पादित वस्तुको लागत उच्च रहेका कारण अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नसकेको र यसले निर्यात घटाएको जनाइएको छ। लागत उत्पादन बढी हुनुमा यहाँको भौगोलिक बनावट र कमजोर भौतिक पूर्वाधारलाई कारक देखाइएको छ। यस्तै, कुल श्रमशक्तिको ८० प्रतिशतभन्दा बढी अनौपचारिक क्षेत्रमा सङ्लग्न भएकामा यसलाई औपचारिक बनाउने र गैर-कृषि क्षेत्रमा उत्पादकत्व वृद्धि गर्ने प्रयासहरू नेपालको आर्थिक वृद्धिका लागि महत्वपूर्ण कदम हुने प्रतिवेदनमा उल्लेख छ।

नेपालको आर्थिक विकासका लागि आगामी वर्षहरूमा पनि आप्रवासन प्रमुख क्षेत्र बन्न जाने सम्भावना भएकाले यससम्बन्धी नीतिहरू सुधार गर्दै लैजानुपर्ने सुझाव विश्व बैङ्कको छ। वैदेशिक रोजगारीमा जानका लागि महँगो रकम बुझाउनुपर्ने अवस्थाले श्रमिक र उनीहरूको परिवारलाई आर्थिक समस्या सिर्जना गर्ने, आप्रवासी श्रमिकहरूले उच्च ब्याजदर तिर्ने गरी लिएको ऋणमा निर्भर रहनुपर्नेलगायत समस्या देखिएका छन् । यस्तै, विदेश गएका सदस्यहरूको अनुपस्थितिले परिवारका बाँकी सदस्यको सामाजिक एवम् पारिवारिक जीवनमा असर पार्ने र विशेष गरी महिलाको श्रम बजार सहभागितामा गिरावट आउने प्रतिवेदनमा उल्लेख छ। यस्तै, अधिकांश आप्रवासी श्रमिकहरू कठिन काममा खटिनुपर्ने, स्वास्थ्य सेवा वा सामाजिक सुरक्षाको पहुँच नपाउनेलगायत समस्या समाधानका लागि पहल गर्न पनि प्रतिवेदनमार्फत सुझाव दिइएको छ।

**स्वदेश फर्किएका आप्रवासीहरूलाई स्वदेशमै टिकाएर राख्ने र रोजगारीमा आवद्ध गर्न नसकेको विषयलाई पनि विश्व बैङ्कले गम्भीर समस्याका रूपमा औँल्याएको छ ।**

स्वदेश फर्किएका आप्रवासीहरूलाई स्वदेशमै टिकाएर राख्ने र रोजगारीमा आवद्ध गर्न नसकेको विषयलाई पनि विश्व बैङ्कले गम्भीर समस्याका रूपमा औँल्याएको छ। "स्वदेश फर्किएका आप्रवासीहरूलाई स्थानीय श्रम बजारसँग आबद्ध गर्न गाह्रो पर्छ, किनभने उनीहरूले विदेशमा आर्जन गरेको सीप स्वदेशी श्रम बजारको मागसँग मेल खाँदैन । नेपालको सन् २०१७/१८ को श्रम शक्ति सर्वेक्षणका अनुसार स्वदेश फर्किएका आप्रवासीहरूमध्ये १४ दशमलव तीन प्रतिशत बेरोजगार अवस्थामा रहेको र ४१ दशमलव पाँच प्रतिशत श्रम बजार बाहिरै रहेको अवस्था छ", प्रतिवेदनमा भनिएको छ।

जलविद्युत् क्षेत्रमा नेपालले आफ्नो सम्भावनाको करिब चार प्रतिशत मात्रै उपयोग गरिरहेको तथ्य प्रतिवेदनले उजागर गरेको छ । जलविद्युत् विकासका लागि स्पष्ट वित्तीय रणनीति निर्माण गरी आवश्यक लगानी आकर्षित गर्न सकिने सुझाव विश्व बैङ्कको छ । यस रणनीतिअन्तर्गत स्थानीय बचतपत्र (बण्ड) बजारको विकास तथा ठूला सार्वजनिक-निजी साझेदारी (पीपीपी) का ठूला परियोजनाहरूका लागि प्रभावकारी ढाँचा निर्माण आवश्यक पर्ने जनाइएको छ । साथै, प्रशासनिक झन्झट घटाएर र इजाजतपत्र प्रक्रियालाई सरलीकरण गर्नुका साथै नियमन तथा कानुनी संरचनालाई सशक्तीकरण गर्न सके नेपालको विद्युत् बजार संरचना सुधार गरी थप लगानी आकर्षित गर्ने सुझाव विश्व बैङ्कको छ।

नेपालको डिजिटल क्षेत्रमा तीव्र सुधार ल्याउन दूरसञ्चार ऐन परिमार्जन गर्नुका साथै डिजिटल रणनीति अवलम्बन र डिजिटल पूर्वाधारको विकास गर्न सुझाव पनि विश्व बैङ्कले प्रतिवेदनमार्फत् दिएको छ। नेपालमा डिजिटल साक्षारता प्रमुख चुनौतीका रूपमा रहेकाले विद्यालय पाठ्यक्रममा डिजिटल सीप समावेश गर्नुका साथै विभिन्न उमेर समूहका लागि जनसाङ्ख्यिक विशेषताका आधारमा तालिम सञ्चालन गर्नुपर्ने सुझाव दिइएको छ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले विद्यमान आवधिक योजनाले राखेको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न नेपाल सबैखालका नीतिगत र संरचनागत सुधार गर्न तयार रहेको धारणा राख्नुभयो। "सोह्रौँ आवधिक योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको दृष्टिकोण प्रस्तुत गरेको छ र यसले उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास, मर्यादित तथा फलदायी रोजगारी, सामाजिक सुरक्षा, तथा अल्पविकसित राष्ट्रबाट सहज स्तरोन्नति सुनिश्चित गर्ने पक्षलाई प्राथमिकतामा राखेको छ। नेपाल सरकार दिगो आर्थिक वृद्धिका लागि अनुकूल नीतिगत वातावरण सुनिश्चित गर्न प्रतिवद्ध छ", उहाँले भन्नुभयो ।रासस

### आँपमा 'अफइयर' :


# पुराना बोट फुलेनन्, नयाँमा ढकमक्क

महोत्तरी । अधिकांश फलफूल एक वर्ष फलेपछि अर्को वर्ष कम फल्छ। कतिपय बोटमा त फूल नै फुल्दैन। यसरी एकवर्ष फलेर अर्को वर्ष नफल्ने यामलाई अङ्ग्रेजीमा 'अफइयर' भनिन्छ।

यसवर्ष आँपका लागि अफइयर हो । तर अफइयरको प्रभाव पुराना बोटमा मात्र देखिएको छ। पाँच/छ वर्षका आँपका रुख मज्जाले फुलेका छन्। भङ्गाहा-४ रामनगरकी शान्तिदेवी साहका बारीमा आँप फुलेर बोटै ढाकेका छन् । बगैँचाका पुराना रुखमा फूल नफुले पनि नयाँ बोटमा पातै नदेखिने गरी फूल फुलेपछि साह आँप फल्ने आशामा हुनुहुन्छ।

"यसवर्ष वरपर आँप खासै फूलेका छैनन् तर हाम्रोमा त फूलले पातै देखिँदैन", साहले भन्नुभयो, "यो फूल २५ प्रतिशत मात्र टिक्यो भने पनि नयाँ रुखले फल थेग्न सक्दैन।

" साहले भने जस्तै जिल्लाका सबै भेगमा यसवर्ष पुराना बोटमा फुल कम फुलेको छ। जिल्लाको गौशाला, बर्दिवास, मटिहानी, पिपरा र मनराशिशवासहितका स्थानीय तह आँप उत्पादनका उर्बर क्षेत्र मानिन्छन् । सबैतिर पुराना रुखमा अफइयरको असर देखिए पनि नयाँ रुखमा फूल फुलेको गौशाला-१० का अरुण कुशवाहाले बताउनुभयो। "पुराना रुखमा त कमै फूल फुलेको छ, तर नयाँ रुखमा मज्जाले फुलेको छ", उहाँले भन्नुभयो।



यसवर्ष आँपलाई प्रतिकूल मौसम रहेको किसान बताउँछन्। पानी नपरी हिउँदयाम बित्नु सबैभन्दा ठूलो समस्या छ। गतवर्ष राम्रो फलेको आँप यसवर्ष कम फुलेको फलफूल विज्ञ बताउँछन्। "यो सामान्यतया अरु फलमा पनि हुन्छ, आँप, लिचीसहितका फलमा बढी देखिन्छ", बागबानी विज्ञका रुपमा काम गरी सरकारी सेवाबाट निवृत्त हुनुभएका भङ्गाहा-५ सीतापुरका रामबहादुर भुजेल भन्नुहुन्छ, "खासगरी स्थानीय जातका पुराना रुखमा यो असर हुन्छ ।'' अफइयर सामान्यतया तेस्रो वर्षमा हुने उहाँको भनाइ छ । यसअघिका दुई वर्ष आँप निकै फलेका थिए ।यसवर्ष पनि आँपका बोट मज्जाले फूल फुलेपछि बर्दिवास-९ पशुपतिनगरका किसान रामविनोद महतोलाई सन्तोष मिलेको छ। अब चैत/वैशाखको असिना र हुरीवतासमा जोगिए आँपबाट राम्रो कमाइ हुने महतोको आशा छ।

अन्नबालीसहितका अरु फसल फेरिफेरि लगाए जस्तै फलफूल पनि १०/१५ वर्षमा ठाउँ फेरेर नयाँ बिरुवा लगाउँदै गए उत्पादन भइरहने फलफूल विज्ञ भुजेल बताउनुहुन्छ । कम फुलेको आँपलाई यसवर्ष मधुवा (मज्जरमा लाग्ने डढुवा रोग) को प्रकोप छ । मधुवाको प्रकोप पानी नपरेर बढेको किसान बताउँछन् । जिल्लामा पाँच/छ वर्षयताका नयाँको तुलनामा पुराना रुख बढी हुँदा आँप कम उत्पादन हुने अनुमान गरिएको छ।

"हिउँदे वर्षा नहुँदा आँप, लिची, रुखकटहरमा फूल फुल्न सकेन, अहिले आँपका फूलमा देखिएको मधुवा पनि पानी नपरेरै बढेको हो", औरही-७ का ७० वर्षीय मोहन महतोले भन्नुभयो, "राम्रो वर्षा भएर रुखका पात, हाँगा सबै पखालिएर जरामा राम्रो चिस्यान भएमा अरु रोग कम लाग्छ।"

जिल्लामा पछिल्लो एक दशकयता फुलफूल खेती बढ्दो छ। कृषि कार्यमा जनशक्ति पाउन छाडेपछि किसानले फलफूल खेती बढाएका हुन्। १० वर्षअघि पाँच हजार हेक्टरभन्दा कम क्षेत्रफलमा भएको फलफूल खेती वृद्धि हुँदै हाल १० हजार हेक्टर नाघेको कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत राजकिशोर यादव बताउनुहुन्छ।

महोत्तरी आँप बढी उत्पादन हुने जिल्लामध्येको एक हो । मधेसको मुख्य फल र फलको राजा भनिने आँप कम फुलेपछि यसवर्ष आँपको मूल्य बढ्ने अनुमान गरिएको छ ।रासस

# 'ह्वाट्सएप' ग्रुप बनाएर चिट चोराएको पुष्टि, परीक्षा गार्ड निष्कासन



इनरुवा। माध्यमिक शिक्षा परीक्षा (एसइई) मा चिट चोराउन मोबाइलको प्रयोग भएको पाइएको छ । यस वर्षको एसइई परीक्षामा चिट चोराउन मोबाइलमार्फत 'ह्वाट्सएप' प्रयोग भएको पुष्टि भएको हो।

सुनसरी सदरमुकाम इनरुवा-९ स्थित सरस्वती मावि परीक्षा केन्द्रमा गणित विषयको एसइई परीक्षा चलिरहँदा 'ह्वाट्सएप' मार्फत चिट चोर्न सहयोग गर्ने गार्ड रङ्गेहात पक्राउ परेका छन्।

परीक्षा केन्द्रबाट 'ह्वाट्सएप' को प्रयोग गरी चिट चोराउने कार्यमा संलग्न दुई जना गार्डलाई पक्राउ गरिएको सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जानकारी दिनुभयो। परीक्षा केन्द्र अनुगमनमा पुगेको प्रजिअसहितको टोलीलाई देखेर परीक्षा गार्ड(शिक्षक)ले मोबाइल अफ गरेका थिए।

उनीहरूको मोबाइल जाँच गर्दा परीक्षा केन्द्रमा खटाइएका प्रावि शिक्षकको साथमा रहेको मोबाइलबाट चिट चोर्न र चोराउन ह्वाट्सएप मार्फत च्याट गरिएको भेटिएको थियो।

ह्वाटस्एपमा कुराकानी गर्दै विद्यार्थीको नाम, सिम्बल नम्बर र बोर्डिङ स्कुलको नामसहित विद्यार्थी संख्या के कति भन्नेबारे च्याट गरिएको पाइएको सुनसरीका प्रमुख जिल्ला अधिकारी मिश्रले बताउनुभयो । पक्राउ परेका शिक्षक श्रवणकुमार चौधरी र रमानन्द मेहतालाई परीक्षा गार्डबाट निष्कासन गरेको उहाँले बताउनुभयो।

त्यसैगरी अनुगमनका क्रममा इनरुवा-१ स्थित भगवती मावि परीक्षा केन्द्रबाट तीन जना निरीक्षकलाई नियन्त्रणमा लिएको प्रजिअ मिश्रले बताउनुभयो। भगवती मावि परीक्षा केन्द्रबाट इनरुवा-५ का मुकेन्द्र यादव, रमानन्द यादव र दिनेशप्रसाद यादवलाई नियन्त्रणमा लिइएको सुनसरीका प्रहरी उपरीक्षक सुमन तिम्सिनाले जानकारी दिनुभयो।


पक्राउ परेका माथि थप अनुसन्धान भइरहेको प्रउ तिम्सिनाले बताउनुभयो । यसैबीच परीक्षा केन्द्रमा मोबाइल प्रवेशको विषयलाई लिएर सुनसरी प्रशासनले चेकजाँचमा कडाइ गर्न निर्देशन दिएको छ । सुनसरीको दुहवीबाट अघिल्लो दिन प्रजिअले विद्यार्थीबाट जनही रु १० हजार रकम लिने दुई गार्डलाई निष्कासन गरिएको थियो।

परीक्षा मर्यादित बनाउँदै चिट चोर्ने र चोराउने प्रवृत्तिलाई निरुत्साहित गर्नेगरी परीक्षा केन्द्र लक्षित अनुगमन टोली परिचालन गरिएको सुनसरीका प्रजिअ मिश्रले बताउनुभयो । निरीक्षकले 'ह्वाट्सएप ग्रुप' बनाएर भित्रको प्रश्नपत्र बाहिर पठाएर बाहिरबाट सबै प्रश्नको उत्तर लेखेर पठाउने र विद्यार्थीलाई सिकाउने गरेको पाइएको हो । यसअघि गत बिहीबार मात्रै सुनसरीकै दुहबीको सरस्वती माध्यमिक विद्यालय र गढीको सरस्वती माध्यमिक विद्यालयबाट दुई/दुई जना निरीक्षकलाई निष्कासन गरिएको थियो।

सुनसरीका प्रजिअ मिश्र नेतृत्व टोलीले अनधिकृत गतिविधि गरेको र विषय शिक्षक राखेको भेटिएपछि निष्कासन गरिएको थियो । दुवै परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई आगामी दिनमा त्रुटि नगर्न सचेत समेत गरिएको उहाँले बताउनुभयो। परीक्षालाई व्यवस्थित, मर्यादित, शान्त र भयरहित बनाउन सबै परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई आवश्यक सकुर्लर गरिएको उहाँले बताउनुभयो।


सुनसरीमा खासगरी निजी विद्यालयका सञ्चालकको आर्थिक प्रलोभनमा निरीक्षक फस्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। निजी विद्यालयका सञ्चालकले विद्यालयलाई उत्कृष्ट देखाउनका लागि परीक्षा केन्द्रदेखि निरीक्षक राख्नेसम्मको कार्यमा आर्थिक चलखेल गर्ने गरेका कारणले निरीक्षक फस्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

जिल्लाका ५० परीक्षा केन्द्रमा १३ हजार ५७३ परीक्षार्थी सहभागी भएको शिक्षा विकास तथा समनव्य एकाइ प्रमुख खगेन्द्र सुवेदीले जानकारी दिनुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# वर्तमानको राजनीतिक अस्थिरता बारे



रोशन जनकपुरी

विगत केही हप्तादेखी राजतन्त्रवादीहरुको गतिविधिमा तिव्रता आएको देखिन्छ । विगतका दिनहरुमा राजधानी लगायत देशका केही शहर हरुमा उनीहरु जसरी राजतन्त्रको गुणगान गर्दै सडकमा देखिएका छन्, त्यसले यस पटक उनीहरु केही संगठित र आक्रामकरुपमा देखिएका छन् । विशेष गरेर राप्रपा, दुर्गा प्रसाई र केही अर्ध धार्मिक चरित्रका राजतन्त्र समर्थक सेना र संगठनहरु र केही अप्रत्यक्षरुपमा सक्रिय पूर्व राजा ज्ञानेन्द्र शाह निकटका व्यक्तिहरुबाट सञ्चालित गैरनामधारी गिरोहको संयोजनमा युवाहरुको एउटा जमात राजतन्त्रको पक्षमा आक्रामकरुपमा प्रस्तुत भई रहेको छ। राजतन्त्र पक्षधरहरुले आफूलाई आकर्षक बनाउन हिन्दु धर्मलाई पनि आफूसँग जोडको छन्, र संकीर्ण हिन्दुत्वको उन्मादी वकालत गर्ने एउटा जमान यससँग खुलेर देखिन्छ । राजतन्त्र फर्काउने नाममा आन्दोलन गर्ने भनिएको मोर्चाको संयोजकको रुपमा पञ्चायतकालीन नामूद नवराज सुवेदी संयोजकको रुपमा अगाडी आउनु र केही 'ना नुकुर' गरेर अन्तमा उनलाई नै प्रायः सबैले स्वीकार्नुले राजतन्त्रवादी राजनीतिमा अहिलेपनि पञ्चायती पुनरोत्थानवादीहरु नै वर्चस्वशाली र निर्णायक रहेको देखिन्छ। राप्रपा र राप्रपा नेपाल जस्ता गणतन्त्रको संसदमा राजावादी पार्टीहरु प्रत्यक्षमा देखिने मात्र हुन् र सबैको सञ्चालन प्रायः एउटै कमानबाट भै रहेको बुझिन्छ। समीक्षा गर्ने हो भने, गणतन्त्रको लचकदार लोकतान्त्रिक उदारता र राजनीतिक अस्थिरताको फाइदा उठाउँदै राजतन्त्रवादीहरुले योजनाबद्धरुपमा आफूलाई संगठित गर्दै आइरहेका छन् । यसलाई चुनावी मत परिणाम र ज्ञानेन्द्र शाहको देश भित्र र बाहिर बढदै गएको गतिविधिबाट पनि अनुभूत गर्न सकिन्छ । सामाजिक सञ्जालमा उनिहरुको सक्रियता तथा केही दिनदेखी जनकपुर लगायतका शहरहरुमा देखिएको भीड र जुलुसपनि यसैको परिणाम हो।

०६२/०६३सालमा राजतन्त्रको पतन तथा गणतन्त्रको स्थापनापछि राजावादीहरु खुम्चिएका थिए । नेपालको राजनीतिक इतिहासमा गणतन्त्रको स्थापना युगान्तकारी घटना थियो । ००७सालमा निरंकुश राणाशासनको पतनपछि जनताको सहयोगमा राजा त्रिभुवन गद्दीमा बसेपछि उनले आफ्नो पहिलो वक्तव्यमा 'अब उपरान्त राजकीय अधिकार जनतामा हुने र जननिर्वाचित विधानसभा (सम्विधान सभा) बाट निर्माण हुने गणतन्त्रात्मक सम्विधान अनुसार देश चल्ने' घोषणा गरे । तर ०१०सालमा उनले अर्को घोषणामा आफ्नै वाचाको उल्लंघन गरि सम्पूर्ण राजकीय अधिकार फेरी आफै ग्रहण गरे। यो जनतासँग सरासर धोका थियो। हुन त राजा महेन्द्रले जननिर्वाचित संसद र प्रजातन्त्र मासेर निरंकुश पञ्चायती प्रजातन्त्र नामक तानासाही राजतन्त्र ०१७ सालमा नेपाली जनतामाथी थोपरे, तर यस्को अप्रत्यक्ष भूमिका ०१०सालको राजा त्रिभुवनको राजघोषणामा पनि निहित थियो, भन्ने तथ्यलाई अस्वीकार गर्न सकिँदैन । यद्यपि राजा महेन्द्रलाई राजनीतिक 'कू' गर्न तत्कालीन राजनीतिक दलहरु र राजनीतिमा व्याप्त अस्थिरता तथा गैरजनवादी सत्तालोलुप चरित्रले हौँस्याएको र बल पुऱ्याएको तथ्यलाई पनि उपेक्षा गर्न सकिँदैन।

जे होस , ००७ सालपछि झल्किएको, तर ०१०सालमा लीकबाट हटेको गणतन्त्र स्थापना गर्न नेपाली जनताले ७ दसक निरन्तर सशस्त्र र निःशस्त्र संघर्ष गर्नु पऱ्यो, जस्मा हजारौँ सहिद भए। ०६२/०६३मा माओवादीको दसवर्षे जनयुद्ध र राजनीतिक दलहरुको पहलमा नेपाली जनताले गरेको संयुक्त जनआन्दोलनको बलमा राजतन्त्रले घुँडा टेक्यो । तर सम्विधानसभाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक सम्विधानको घोषणा ०७२ सालमा मात्र सम्भव भएको हो । यस्मा सम्विधानमा मूर्तरुपमा संघीयताको घोषणा गराउनको निम्ति मधेश आन्दोलनको भूमिका पनि नछुटाउने ऐतिहासिक परिघटना हो।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पुरानो ऐतिहासिक राजनीतिकतन्त्रबाट पूर्णतः सम्बन्धविच्छेद गरेर नयाँ नेपाली राजनीतिको शुरुआत हो । वस्तुतः यो नयाँ नेपाल हो, जस्को निर्माणमा राजतन्त्रवादी बाहेक, देशका सबै वर्ग, जाति, क्षेत्र, लिङ्ग, धार्मिक र सांस्कृतिक समुदायले भाग लिएको, संघर्ष गरेको र सहादत दिएको हो। यस नयाँ नेपालको निर्माणमा भाग लिएको जनसमुदायको कुनै हिस्साले आफू छुटेको अनुभव गर्दा त्यसको निम्ति उनीहरुले संघर्ष गरे, र अहिलेपनि गरिरहेका छन् । मधेशी, थारु, आदिवासी जनजाति लगायत विविध समुदायगत् पहिचान र अधिकारको आन्दोलन र संघर्षहरु यसका उदाहरणहरु हुन् । यो गणतन्त्रमै सम्भव छ, किनभने वर्तमान गणतान्त्रिक व्यवस्था जतिसुकै अपूरो र अस्थिर भएपनि (वर्गीय आधारमा त निश्चय नै यो अपुरो छ र थप संघर्षको आवश्यकता छ) यस सम्विधानले सार्वभौम राजकीय अधिकार जनतामा रहने स्वीकार गरेको छ। त्यसैले गणतन्त्रमा सर्वोच्च पदमा जनताबाट चयन गर्ने गरिन्छ । राजतन्त्रको रुप जुनसुकै भएपनि शासनको सर्वोच्च पद कुनै व्यक्तिविशेषको जन्मजात र पुस्तैनी अधिकार भित्र नै पर्छ। अर्को अर्थमा राजतन्त्र नरम वा गरम जुनसुकै रुपमा भएपनि सार्वभौम राजकीय अधिकार राजामा नै निहित हुन्छ। यस्तो व्यवस्थामा आफ्नो शासन, व्यवस्था र अवस्था बारे निर्णय गर्ने अधिकार जनतामा हुँदैन। जनता अन्ततः दास र रैती मात्र हुने गर्छन्।

अहिले, राजावादी विगत भएका केही बुद्धिजीविहरुले बेलायतमा भद्र राजतन्त्रको उदाहरण दिएर ज्ञानेन्द्र शाहको राजतन्त्रको वकालत गर्छन् । तर उनले बुझ्नु पर्ने के हो भने बेलायतमा शासनको अधिकार संसदलाई भएपनि त्यहाँको राजतन्त्र आर्थिक बोझ भएकोले यसलाई समाप्त पार्नुपर्ने बहस त्यहाँ तिव्र हुँदैगएको छ। सँगसँगै त्यहाँको राजतन्त्रमा सामन्तवादी अभिजात्यसंस्कृतिको कट्टरता अझै बाँकी नै छ। वर्तमान राजाका कान्छा छोरा ह्यारीले सामान्य युवती मेघनासँग बिहे गरेपछि उनले राजमहल तथा राजकीय उपाधि र अधिकार छाडेर अमेरिका गएर बस्नु परेको उदाहरणले पनि बेलायती राजतन्त्रको अभिजात्यीय कट्टरता बुझिन्छ। यसले के पनि संकेत दिन्छ भने कदाचित त्यहाँ सक्रिय राजतन्त्र फर्क्यो भने (जसको सम्भावना शून्य छ, बरु भविष्यमा बेलायतमा राजतन्त्र समाप्त हुने सम्भावना बलियो हुँदै गैरहेको छ।) जनता रैती वा गुलाम नै हुनेछन्।

सम्भावना त, नेपालमा पनि छैन राजतन्त्र फर्कने। तर राजतन्त्रवादी पुनरोत्थानवादीहरुको एउटा वर्ग छ, जो आफै र उनका पुर्खाहरु पञ्चायतकालीन राजनीति र राजतन्त्रमा केन्द्रदेखी स्थानीय राजनीतिमा, राजतन्त्रप्रति समर्पित सुरक्षातन्त्रमा, कर्मचारीतन्त्रमा तथा सामाजिक संरचनामा सक्रिय थिए। उनीहरुको निम्ति राजतन्त्र र पञ्चायत व्यवस्था गुम्नु स्वर्ग गुमे जस्तै हो। उनीहरु अनेक निहुँमा विविध खाले भ्रम सिर्जना गर्दै प्रतिगमनको दिशामा देशलाई लै जान चाहन्छन् । यद्यपि राप्रपा र राप्रपा नेपाल जस्तो राजतन्त्रको नाममा गणतान्त्रिक संसदी राजतन्त्रवादी पार्टीहरुको निम्ति अहिलेको राजावादी आन्दोलन भोट पोलिटिक्स हुने सम्भावनापनि त्यतिकै छ।

राजाका भारदारहरुको निम्ति राजतन्त्रको तावेदारी गर्वको विषय हुनसक्छ, तर स्वतन्त्रता तथा समानता चाहने जनताको निम्ति यो दासताको प्रतीक हो। गणतन्त्र यस्तै स्वतन्त्रता र समानताका पक्षधर जनताको सहादत, त्याग, तपस्या र बलिदानको परिणाम हो। दुर्गानन्द, सरोज कोइराला, जानकीदेवी , रामवृक्ष यादव, अजबलाल, मनोजदत्त, संजीव लाभ, दुर्गेश लाभ, शैलेन्द्र मण्डल, जस्ता नेपाली जनताका छोराछोरी यसैका निम्ति लडेका थिए। बरु यसभन्दा बढी राज्यसत्तामा गरिब र उत्पीडित जनसमुदायको सर्वोच्च सहभागिताको निम्ति लडेका थिए। वर्तमान गणतन्त्र, नेपाली जनताको तिनै संघर्ष र सपनाको अधुरो उपलब्धी हो। यसलाई पूर्ण गर्न थप संघर्षको आवश्यकता छ । तर यसको अपूरोपनालाई निहुँ बनाएर जुनसुकै रुपमा भएपनि पुनः राजतन्त्रमा फर्कनु फालीसकेको दासतालाई फेरी स्वीकार्नु हुनेछ। निश्चय यो स्वतन्त्रता, धर्मनिरपेक्षता, संघीयता र समानता जस्ता मानवीय अधिकार प्राप्तिको दिशामा अग्रसर नेपाली जनताले स्वीकार गर्ने सम्भावना छैन।

तर पछिल्ला वर्षहरुमा वर्तमान राजनीतिमा अस्थिरता, भ्रष्टाचार र नेतृत्वको गैरजिम्मेवारीपना जसरी तिव्रतासाथ विकसित भएको छ, त्यसले राजतन्त्रवादीलाई गणतन्त्रलाई बदनाम गर्ने तथा राजतन्त्रलाई विकल्पको रुपमा सार्ने अवसर दिएको छ । विगतमा राजतन्त्रले नेपाली जनतालाई गरेको दमन, उत्पीडन, शोषण, हत्या, बलात्कार, क्षेत्रीय, जातिय विभेद आदिको इतिहासबाट अपरिचित वा अल्पपरिचित युवाहरु यसबाट भ्रमित भएर गएको पनि देखिन्छ । विचार र इतिहासबोधबाट कटाइदिएपछि अग्रगमन र पश्चगमनको चेत हराउने गर्छ । राजतन्त्रको पक्षमा देखिएको एउटा जमात त्यस्तै खाले छ।

राजतन्त्रपक्षधरको योजनामा विचारगर्दा उनीहरु वर्तमान राज्यसत्तामा विद्यमान अस्थिरता तथा गैरजनवादीपनालाई निहुँ बनाएर सबैभन्दा आक्रमणगर्ने पक्ष धर्मनिरपेक्षता र संघीयता जस्ता जनवादी उपलब्धिहरु हो । उनीहरु यसको निम्ति जनमतसंग्रह गर्नुपर्ने र बलजफ्ती थोपरिएको आरोप लगाउँछन् । तर उनीहरु कुन तथ्य लुकाउँछन् भने गणतन्त्रका पक्षमा राजनीतिक संघर्ष गर्ने पार्टीहरुको विधान र दस्तावेजमा धर्मनिरपेक्षता तथा एकात्मक शासनको विरुद्ध संघीयता प्रष्ट थियो । धर्मनिरपेक्षता नेपाली काँग्रेस, एमाले र माओवादी लगायत कम्युनिस्टहरुको दस्तावेजमा खुला नै थियो, भने संघीयता सदभावना लगायतका मधेशवादी पार्टीहरुको एजेन्डा थियो, र माओवादीले त जनयुद्धकालमा नै थारुवान, मगरात, किरात, मधेश आदि स्वायत्त गणराज्य तथा पार्टीमा मिथिला भोजपुरा आदि ब्युरोहरुको नाममा सत्ता राजनीति तथा पार्टी राजनीतिमा संघीयताको अभ्यास शुरु गरिसकेको थियो। के ती पार्टीहरुको नेतृत्वमा भएका जनसंघर्षमा सामिल जनताको सहभागिता जनमत होइन ? निश्चय हो। हुन त विविध नकारात्मक प्रचारबाजीको कारण, एकातिरबाट संकीर्ण धार्मिकता खतरनाकरुपमा विकसित हुँदै गैरहेको छ । तर वर्तमान गणतन्त्र ल्याउनमा सबै धर्म, जाति, क्षेत्र, लिंगको रगत र पसीना बगेको इतिहासपनि यथार्थ हो। त्यसैले वर्तमान गणतन्त्र सबै धर्म, समुदाय र संस्कृतिको सहिष्णु स्थल हो अर्थात् धर्मनिरपेक्ष हुनु, जनवादिता तथा यसको मानवीय महानता र लोकतान्त्रिक सौन्दर्यपनि हो । अन्य कुनै देशको संकीर्ण चेतनाभन्दा पनि नेपाली जनताले एकजूट भएर आफ्नो गणतान्त्रिक गौरवशाली र जनवादी इतिहासमा गर्वको अनुभूति गरेसम्म यस गणतन्त्रलाई कसैले डिगाउन सक्दैन । पुनरोत्थानवादीहरु यसै गर्वप्रति अन्यौल सृजना गरेर आक्रमण गर्न चाहन्छन्।

तर एक किसिमले राजतन्त्रपक्षधरलाई धन्यवाद दिनु पर्छ । उनीहरुले गणतन्त्रका सत्ता सञ्चालकहरुलाई नराम्ररी झस्काइ दिएका छन्। हुन त अहिलेका सत्ता सञ्चालकहरुको विकल्प खोज्नु जरुरी छ । तरपनि यसले गणतन्त्रवादी शक्तिहरुमा एकजुटताको स्थिति सृजना गरेको छ। नेका, एमाले, माओवादी, समाजवादी, मधेशवादी, प्रायः सबै राजनीतिक दलहरुले गणतन्त्रको पक्षमा समर्थन व्यक्त गरेका छन् । अझ राष्ट्रपतिको सन्देशले पनि यसलाई बल पुऱ्याएको छ। हुन त जतिसुकै हो हल्ला गरेपनि प्रतिगमनकारी पुनरोत्थानवादी शक्तिहरु सदन र जनसमुदाय बीच थोरै र अवशेष भूत नै छन्। तर गणतन्त्रवादी शक्तिहरुले आफूभित्रको अस्थिरता तथा गैरजनवादितालाई सुधार्न सकेन भने विविध रुपमा प्रकट भएर प्रतिगामिता र फासीवादले गणतन्त्र, जनवाद, संघीयता, धर्मनिरपेक्षता तथा समानतालाई क्षति पुऱ्याउने र उपलब्धि गुम्ने खतरा त्यतिकै छ । यसकारण राजनीतिक मात्र होइन, सामाजिकस्तरमा पनि गणतान्त्रिक र जनवादीशक्तिहरु एकजुट हुनु जरुरी छ । सँगसँगै राजनीतिक दलहरुले आफ्नो जनवादी चरित्र दृढतापूर्वक अभिव्यक्त गर्नपनि जरुरी छ। चेतना भया!

> धर्मनिरपेक्षता नेपाली काँग्रेस, एमाले र माओवादी लगायत कम्युनिस्टहरुको दस्तावेजमा खुला नै थियो, भने संघीयता सदभावना लगायतका मधेशवादी पार्टीहरुको एजेन्डा थियो, र माओवादीले त जनयुद्धकालमा नै थारुवान, मगरात, किरात, मधेश आदि स्वायत्त गणराज्य तथा पार्टीमा मिथिला भोजपुरा आदि ब्युरोहरुको नाममा सत्ता राजनीति तथा पार्टी राजनीतिमा संघीयताको अभ्यास शुरु गरिसकेको थियो । के ती पार्टीहरुको नेतृत्वमा भएका जनसंघर्षमा सामिल जनताको सहभागिता जनमत होइन ?

## सम्पादकीय

### छानबिन समिति गठन गर

मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रीसमेत रहेका नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवले मन्त्रालय, निर्देशनालय र कार्यालयलाई निस्क्रिय बनाएर निजी सचिवालयबाट विकास निर्माणका योजनाहरु बिक्री गर्ने पसल बनाएको आरोप लागेको छ। मधेश प्रदेश सभाको बैठकमा प्रमुख प्रतिपक्ष लगायतका विपक्षी दलहरुले भौतिक मन्त्री यादवले योजनाहरु बिक्री गरेको किटानी आरोप लगाउँदै उच्चस्तरीय छानबिन समिति गठन गर्न माग गर्दै संसदलाई अवरोध गरेका छन्। मन्त्रीका दलालहरुले १० प्रतिशतसम्म अग्रीम रकम लिएर योजनाहरु बिक्री गरिरहेका छन् । योजना बिक्रीको क्रम अझै रोकिएको छैन । विगतमा पनि योजनाहरु बिक्री भएको आरोप नलाग्ने गरेको थिएन । तर अहिले एमालेकै नेताहरुको शीर निहुरिने गरी दलका नेताले नै योजनाहरु बिक्री गर्न सचिवालयबाट दलालहरु खटाएका छन् । दलालहरुले ठेकदारबाट अग्रीम रकम लिएर योजना दिने गरेका छन् । त्यस्ता योजनाहरुको उपभोक्ता समिति गठनलगायतका विषयमा विवादहरु देखिएका छन्। स्थानीयवासिन्दाहरुले दलालबाट योजना किनेका ठेकदार हरुलाई काम गर्न अवरोध गरिरहेका छन् । शिलान्यास गर्न गएका भौतिक पूर्वाधार विकास मन्त्री यादवलाई नै महोत्तरीको रामगोपालपुर नगरपालिकामा खेदेको घटना सेलाएको छैन । यसबाट प्रदेशभरि नै विकृति बढेको छ। एमालेका अधिकांश मन्त्रीहरु भ्रष्टाचार र अनियमिततामा चुर्लुम्म डुबेका छन्। तर दलका नेता नै उनीहरुको भन्दा बढी भ्रष्टाचार गर्ने भएकाले मन्त्रालयहरुमा ब्रम्हलुट मचेको छ। प्रदेशका निरीह मुख्यमन्त्री सतिशकुमार सिंहले भइरहेको भ्रष्टाचारलाई रोक्न सक्ने विषय नै होइन। उनले प्रश्न उठाउँदा आफै हट्ने त्रास बढी छ। मधेश प्रदेशमा विगतमा भएका सबै अनियमितताहरुको भन्दा कयौँ गुणा बढी अनियमितता सिंह नेतृत्वको सरकारले गरिरहेको छ। मधेश प्रदेश संघीयताका लागि लड्ने बनाएको छवी समाप्त भइसकेको छ। अहिले यो प्रदेश भ्रष्टाचारमा अग्रणी स्थानमा छ। प्रदेशको अधिकारका लागि संघीय सरकारसित लड्ने मधेश प्रदेश अहिले भ्रष्टाचारको कारबाहीबाट जोगिन चाकडीमा उत्रेको छ। प्रदेशलाई गन्हाउने गरी भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले गरिरहेको भ्रष्टाचार र गैरकानुनी कार्यहरुको छानबिन गर्न विपक्षी दलहरुले उठाएको मागलाई प्रदेश सभाले तत्काल सम्बोधन गर्नुपर्छ। उच्चस्तरीय छानबिन समिति गठन गरी भौतिक पूर्वाधार विकास मन्त्रालयलगायत अन्य मन्त्रालयहरुबाट भएको योजना बिक्रीको समेत छानबिन गरिनु पर्छ । जन निर्वाचित सभासदहरुले सरकारमा पुगेपछि गर्ने निकृष्ट कार्य चरममा पुगेको छ । एमालेले पनि दलका नेता यादवले गरेको कुकृत्यहरुको छानबिनमा सहजताका लागि संसदीय दलको नेता फेर्न आवश्यक छ। विगतमा पनि बहालवाला अर्थमन्त्रीमाथि प्रदेशसभाले छानबिन समिति गठन गरी प्रतिवेदन समेत सार्वजनिक गरेको नजिर यसै प्रदेशसभामा छ। त्यसकारण ढिला नगरी छानिबिन समिति गठन गर्नु उपयुक्त हुनेछ।

# माओको 'लङ-मार्च'को झल्को दिने प्रचण्डको तराई-मधेश जागरण अभियान

विदुर कटुवाल

पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल यतिबेला 'प्रचण्ड' गएको वैशाखदेखि हुलाकी राजमार्गको लामो यात्रामा छन्। 'जनतासँग माओवादी : तराई-मधेश जागरण अभियान'का नाममा हुलाकी राजमार्ग केन्द्रित यो यात्रामा प्रचण्डसहित माओवादीका पदाधिकारी पनि छन्।

बेला-बेला स्थगित हुँदै र सुरु हुँदै अगाडि बढिरहेको यस यात्रामा जनयुद्धकालीन झल्को दिने गरी प्रचण्ड जनताका घरदैलोमा बास बसिरहेका छन् । जहाँ बास बस्छन् त्यहाँ 'मर्निङ वाक'मा निस्कँदै जनताको गुनासो सुन्ने प्रचण्डको लत गजबको देखिन्छ। यस्तै सहिद परिवार, घाइते, बेपत्ता परिवार र कुनै अन्यायमा परेका सर्वसाधारणलाई भेट्ने प्रचण्डको यो शैली सराहनीय छ।

जनताकै घरमा वास बस्दै बिहान-बेलुका जे पाक्छ, त्यही खाँदै अगाडि बढिरहेको प्रचण्डको यस अभियानले जनता र माओवादीको सम्बन्ध सुमधुर मात्र बनाएको छैन, प्रचण्डलाई जनताको नेताको रूपमा थप स्थापित गरेको छ । हामीकहाँ सहरका रिसोर्ट र होटलमा बसेर दलका नेताले राजनीतिक प्रतिवेदन लेख्ने प्रचलन छ, अबका दिनमा प्रचण्डले कस्तो प्रतिवेदन लेख्ने हुन् त्यो भने हेर्न बाँकी छ।

हिजो जनयुद्धकालमा प्रचण्डले जनताकै घरदैलोमा बसेर देशमा गणतन्त्र ल्याउने जग बसालेका थिए । आज माओवादी गाउँगाउँमा पुग्नुलाई प्रचण्डले समाजवादी क्रान्तिको यात्रा शुभारम्भ भएको बताएका छन्।

जनयुद्धकै क्रममा दुःख पाएका, सहिद, बेपत्ता परिवारलाई प्रचण्डले पार्टीमा भावनाको डोरीले जसरी बाँधिरहेका छन्, त्यसले पार्टी र जनतामा पनि ऊर्जा भरिदिएको छ । मार्क्सवाद, लेनिनवाद, माओवाद र प्रचण्डपथको एजेन्डा घोकेर जनयुद्धबाट खारिएका कार्यकर्ताको साथ प्रचण्डलाई अहिले पनि छ । २०६४ देखि माओवादी पार्टीमा जुन टुटफुटको शृंखला सुरु भयो, त्यसले नेता तथा कार्यकर्तालाई विभाजित पनि गरेको थियो, उनीहरूलाई एक ढिक्का हुने अवसर यो हुलाकी राजमार्गको यात्राले दिएको छ । यता माओवादीबाट फुटेका पार्टीहरू पनि एकतामा आउन खोजिरहेका छन्। त्यो माओवादी आन्दोलनका लागि झनै सुन्दर पक्ष हो।

मधेशबाट समाजवादी यात्रा सुरु गरेको प्रचण्डको उद्घोषले गणतन्त्रको विरोध गर्नेहरू र संघीयता, धर्म निरपेक्षता खारेज गरी राजसंस्था पुनर्स्थापनाको नारा लगाउनेहरू भित्री रूपमा स्तब्ध छन्।

२०६४ यता माओवादीले गाउँ बिर्स्यो, प्रचण्ड अबका दिनमा गाउँ जान सक्दैनन् भनेर प्रचार-प्रसार हुन्थ्यो। प्रचण्डको जारी अभियानले अहिले त्यसलाई तोडेको छ। अभियानमा दैनिक रूपमा विभिन्न पार्टी परित्याग गरी माओवादीमा प्रवेश गर्नेहरूको संख्या ठुलो छ । मधेसमा मात्र होइन, देशभर राजनीतिक जागरण पैदा गरेको छ । मधेसमा माओवादीप्रति भावना झनै बलियो हुँदै गएको प्रचण्ड सहभागी कार्यक्रमहरूको भिडबाट देख्न सकिन्छ।

देशलाई अग्रगामी पुनर्संरचना गरेर संघीयतामा लाने माओवादीको सहरमा जनमत २०६४ यता निरन्तर रूपमा घटेको छ। तर गाउँमा माओवादीको मत अझै पनि सुरक्षित छ। त्यहाँ मात्र माओवादी पुगेको थिएन । यस अभियानले प्रचण्ड आम उत्पीडनमा परेकाहरूको नेता र माओवादी सदैव जनताको पार्टी भएको पुष्टि गर्दै छ । प्रचण्डलाई सुरक्षाको कारण गाउँ पस्न सक्दैनन् भनेर कुप्रचार-प्रसार गर्नेहरू स्तब्ध छन्। माओवादीलाई जनताको विश्वास गुमाइसकेको पार्टीको रूपमा उद्घोष गर्ने एमाले र कांग्रेस सोचमग्न छन्।

माओवादीले २०७४ यता तालमेल र गठबन्धन गरेर चुनाव लड्यो । त्यही भएर माओवादीप्रति गलत भाष्य निर्माण भएका थियो । तर त्यो पनि राजनीतिक उपलब्धिको रक्षा गर्नु एउटा विकल्प थियो । अहिले प्रतिपक्षमा धकेलिएपछि भएका स्थानीय तहको उपनिर्वाचन, नेपाल पत्रकार महासंघको निर्वाचन र स्ववियु निर्वाचनले माओवादी एक्लै चुनाव लड्न सक्छ। अब फेरि माओवादी शक्तिमा उदाउन सक्छ भन्ने सन्देश दिएको छ।

अहिलेको व्यवस्था ल्याउन ठुलो भूमिका खेलेको माओवादी फेरि पनि जनताकै पक्षमा उभिन सक्छ भन्ने प्रमाणित भएको छ । इतिहास माओवादी र प्रचण्डकै पक्षमा प्रस्ट छ। त्यस कारण माओवादीप्रतिको कुप्रचार चिर्दै जनताका बिचमा प्रचण्ड रमाउन थाल्नु देशका लागि सुखद पक्ष हो।

२०८४ को चुनावमा माओवादीलाई २०६४ कै अवस्थामा फर्काउने गरी भइरहेको यस अभियानलाई चिनियाँ कम्युनिस्ट नेता माओको लङ-मार्चका रूपमा चर्चा गर्दा फरक पर्दैन। अहिलेको संविधान र गणतन्त्रप्रति खतराका संकेत देखिएका छन् । आफूले ल्याएको व्यवस्थाको रक्षा गर्दै जनताको अवस्था परिवर्तनमा प्रचण्डले नलाग्ने हो भने देश फेरि राजनीतिक अस्थिरतामा गिजोलिने प्रस्ट छ । त्यही जनचेतना जगाउने उद्देश्यले प्रचण्ड 'लङ-मार्च'को शैलीमा अभियानमा छन् । मधेशबाट समाजवादी यात्रा सुरु गरेको प्रचण्डको उद्घोषले गणतन्त्रको विरोध गर्नेहरू र संघीयता, धर्म निरपेक्षता खारेज गरी राजसंस्था पुनर्स्थापनाको नारा लगाउनेहरू भित्री रूपमा स्तब्ध छन्।

**माओको त्यो लङ-मार्च**

कम्युनिस्ट पार्टीप्रति आस्था राख्नेहरूले चिनियाँ लङ-मार्चका बारेमा धेरथोर सुनेकै हुनुपर्छ। चीनमा सन् १९२१ मा कम्युनिस्ट पार्टी स्थापना भएदेखि १९३४ सम्म आउँदा कम्युनिस्ट पार्टीहरूमा संकट आइरहेको थियो। चिनियाँ राष्ट्रवादी पार्टीका नाममा पुरातनवादी खेमा बलियो र वामपन्थी खेमा कमजोर बन्दै गएको थियो। सन् १९३४ मा चीनको जियान्सीस्थित रुइजिन र गुचेङ क्षेत्रबाट सर्वोच्च नेता कमरेड माओत्से तुङ लगायत नेताहरूले सुरु गरेको एउटा अभियानलाई अहिले पनि 'लङ-मार्च' भनेर चिनिन्छ।

उक्त लङ-मार्चमा चिनियाँ कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता, समर्थक, लालसेना गरी ८६ हजारको सहभागिता थियो। उक्त अभियानले चीनमा धर्मराउँदो कम्युनिस्ट आन्दोलनलाई पुनर्जीवन मात्र दिएन, चीनको कम्युनिस्ट पार्टीमा माओत्से तुङलाई सर्वोच्च नेताको रूपमा स्थापित गर्दै चीनमा कम्युनिस्ट व्यवस्था स्थापना गर्न ठुलो मद्दत पुऱ्याएको थियो।

लङ-मार्चभन्दा अघि चीनमा क्रान्तिकारी कम्युनिस्टप्रति एक प्रकारको प्रतिबन्ध थियो । कम्युनिस्ट युवाहरू क्रान्तिकारी सेना (लालसेना)मा सहभागी भएर आफ्ना विचार फैलाउन चाहन्थेँ। तर राष्ट्रवादीका नाममा रहेका पार्टीहरू कम्युनिस्टलाई कमजोर बनाउन चरम दमन गरिरहेका थिए । त्यस वेला हजारौँ कम्युनिस्ट क्रान्तिकारीहरू मारिएका थिए। राष्ट्रवादी र कम्युनिस्टबिचको गठबन्धन टुंगिएर गृहयुद्धको बीजारोपण भएको थियो। राष्ट्रवादी पार्टीले एकीकरण र आफ्नो अधीनमा रहेका क्षेत्रमा कम्युनिस्ट सखाप पारिरहेको थियो। सन् १९२८ सम्म आइपुग्दा बेइजिङसहित अधिकांश भू-भाग कब्जा गरेर एकीकरण पूरा भएको घोषणा त्यस वेलाका कम्युनिस्ट विरोध शासक च्याङ काइसेकले गरेका थिए।

कम्युनिस्टहरू आन्दोलनमा होमिएकाहरूले सफलता पाउन सकेका थिएनन् । क्रान्तिकारी कम्युनिस्टहरू भागाभाग हुनुपरेको थियो। यद्यपि दुर्गम पहाडमा पुरातनवादी वा राष्ट्रवादी शासकका सेना पुग्न असफल थिए । क्रान्तिकारी कम्युनिस्टहरूले गाउँलाई नै आधार इलाका निर्माण गरे।

सन् १९३१ मा चीनको दक्षिणपूर्वको जियान्सी प्रान्तको दुर्गम क्षेत्रमा सोभियत गणतन्त्र चीन नामको कम्युनिस्ट पार्टीको सत्ता स्थापना भयो। जसको नेतृत्व माओत्से तुङले गरे। त्यहाँ पनि कम्युनिस्टविरोधी च्याङ काइसेकका सेनाले हमला गरे। त्यस वेला पनि माओत्से तुङको सेना र पार्टीको हार भयो। सन् १९३४ अक्टुम्बर १६ मा त्यही हारबाट माओत्से तुङले लङ-मार्चको नाम दिएर विशाल अभियान सुरु गरे । जापानी विस्तारवादीसँग पनि लड्दै जनताको साथ समर्थन जुटाउँदै अघि बढेको लङ-मार्च सन् १९३५ अक्टुम्बर २० मा ग्रेटवालमा पुगेर टुंगिएको थियो।

दक्षिणपन्थी समूहलाई विस्थापित गर्दै वामपन्थी कम्युनिस्टहरूलाई एक बनाउन अराजकतावादी कम्युनिस्ट धार पनि घातक बन्न सक्छ । त्यस कारण प्रचण्डको यो लङ-मार्च नेपालको कम्युनिस्ट आन्दोलनलाई एउटा निष्कर्षमा पुऱ्याउने राजमार्ग बन्नुपर्छ।

लङ-मार्चमा सहभागी चीनका लालयोद्धाले ३८१ दिनमा पहाड, नदी छिचोल्दै ९ हजार किलोमिटरभन्दा लामो यात्रा गरेका थिए । युद्ध इतिहासमा यो सबैभन्दा लामो मार्च भनिएको छ। त्यस वेला चीन र जापानबिच युद्ध भइरहेको थियो । जापानीहरूसँग लड्नका लागि माओले च्याङ काइसेकसँग सन् १९३७ सहकार्य गरे। च्याङ काइसेक र माओका दुवै सेनाले जापानीविरुद्ध लडे र जिते। सन् १९४५ मा विश्वयुद्धको समाप्तिपछि माओ र च्याङ काइसेकबिच शान्ति वार्ता भयो । तर त्यो वार्ता सफल नभएपछि फेरि चीनमा गृहयुद्ध सुरु भएको थियो। त्यसपछि माओले चार वर्ष लडेर राष्ट्रवादी सेनालाई पराजित गरी जनगणतन्त्र चीन स्थापना भएको घोषणा गरेका थिए।

**निष्कर्ष**

चीनमा जसरी माओले क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई लङ-मार्चको माध्यमबाट गोलबन्द बनाउँदै एउटा निष्कर्षमा पुऱ्याएका थिए, त्यसै गरी नेपालमा पनि विभिन्न धारमा छरिएर बसेका कम्युनिस्टलाई एक ढिक्का बनाउन जरुरी छ, नत्र दक्षिणपन्थी धारमा भासिएका कम्युनिस्टको रजगज हराउनेछैन । दक्षिणपन्थी समूहलाई विस्थापित गर्दै वामपन्थी कम्युनिस्टहरूलाई एक बनाउन अराजकतावादी कम्युनिस्ट धार पनि घातक बन्न सक्छ । त्यस कारण प्रचण्डको यो लङ-मार्च नेपालको कम्युनिस्ट आन्दोलनलाई एउटा निष्कर्षमा पुऱ्याउने राजमार्ग बन्नुपर्छ। पिचै गरेको राजमार्ग नभए पनि ट्र्याक खुलेको हुनुपर्छ।

माओवादीलाई नै क्रान्तिकारी कम्युनिस्टको केन्द्र बनाउँदै एकता, तालमेल, सहकार्यमा जोड दिने सन्देश यस 'लङ-मार्च'ले दिएको छ । माओवादीका पनि विभिन्न टुक्रा तथा समूह निर्माण भएका छन् । ती समूहले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर कम्युनिस्ट र माओवादी आन्दोलनलाई अन्तर्आत्माले साथ दिए भने देशले नयाँ निकास पाउने निश्चित छ। रातोपाटी

आखिर देशको शासन प्रणालीमा आमूल परिवर्तन ल्याउने महान् जनयुद्धको नेतृत्व गर्ने प्रचण्ड सबैका प्रिय थिए। हिजो प्रचण्डकै आदेशमा मुक्ति या मृत्यु रोज्ने माओवादी नेताहरूलाई आत्मसमीक्षासहित मूलधारमा फर्काउन सके यस 'लङ-मार्च' सार्थक हुनेछ।

प्रचण्डको 'लङ-मार्च'ले प्रतिगमनको खतराविरुद्ध खबरदारी मात्रै गरेको छैन, संविधानको रक्षा, सुशासन, सामाजिक न्याय लगायत सयौँ एजेन्डा बोकेको छ। जुन अहिलेको आवश्यकता हो । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसहित पूर्ण समानुपातिक निर्वाचन प्रणाली, पहिचानलगायत सवाललाई यस लङ-मार्चले सशक्त बनाएको छ । माओवादीका तर्फबाट संविधान संशोधनको एजेन्डा पनि यही नै हुनुपर्छ । विकास निर्माणमा भइरहेको ढिलासुस्तीप्रति खबरदारी गर्दै वैदेशिक रोजगारीका क्रममा हुने शोषण र ठगीमाथि पूर्ण नियन्त्रण गरी 'रिटर्नी'को सीप र जाँगरलाई राष्ट्रिय उत्पादनमा लगाउने सम्बन्धमा यो लङ-मार्च केही संकेत गरेको छ।

हुलाकी मार्गको निर्माणलाई यथाशीघ्र सम्पन्न गर्ने, जीर्ण तथा रुग्ण उद्योगलाई निजीकरण नगरी सरकारी स्वामित्वमा सञ्चालन गर्ने लगायतमा सरकार प्रस्ट रूपमा लाग्नुपर्छ भन्ने सन्देश लङ-मार्चले दिएको छ।

> चीनमा जसरी माओले क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई लङ-मार्चको माध्यमबाट गोलबन्द बनाउँदै एउटा निष्कर्षमा पुऱ्याएका थिए, त्यसै गरी नेपालमा पनि विभिन्न धारमा छरिएर बसेका कम्युनिस्टलाई एक ढिक्का बनाउन जरुरी छ, नत्र दक्षिणपन्थी धारमा भासिएका कम्युनिस्टको रजगज हराउनेछैन ।

# राज्यको कारण स्वास्थ्यकर्मी पलायन भइरहेका छन्: स्वास्थ्यमन्त्री पौडेल



काठमाडौँ, ११ चैतः स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले राज्यले सही नीति लिन नसक्दा स्वास्थ्यकर्मी पलायन भइरहेका बताउनुभएको छ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) वीर अस्पतालको पाँचौँ दीक्षान्त समारोहमा उहाँले

> मन्त्री पौडेलले नेपालमा चाहिने स्वास्थ्यतर्फका जनशक्ति उत्पादन भइरहेको पनि हरेक वर्ष एक हजार पाँच सयभन्दा बढी विदेशीने समस्या रहेको सुनाउनुभयो ।

नीतिसँगै राज्यको परिस्थिति पनि त्यसमा दोषी रहेको धारणा राख्नुभयो ।

मन्त्री पौडेलले नेपालमा चाहिने स्वास्थ्यतर्फका जनशक्ति उत्पादन भइरहेको पनि हरेक वर्ष एक हजार पाँच सयभन्दा बढी विदेशीने समस्या रहेको सुनाउनुभयो । उहाँले अब नीतिगत सुधारमार्फत समस्या समाधान गरिनुपर्ने र त्यसमा सबैको सहकार्य आवश्यक रहेको बताउनुभयो ।

न्याम्सका सहकुलपतिसमेत रहनुभएका मन्त्री पौडेलले नेपालमा गुणस्तरीय र विश्वसनीय उत्पादनमा न्याम्सले पुऱ्याएको प्रशंसा गर्नुभयो ।

उहाँले न्याम्सले जनशक्ति उत्पादन बढाउँदै गए पनि अस्पताललाई आवश्यक पर्ने जनशक्ति भने उपलब्ध हुन नसकेको बताउनुभयो । "उपत्यका बाहिर कतिपय स्वास्थ्य संस्थामा जनशक्ति शून्यताकै स्थिति छ । यहाँ दीक्षित भएका जनशक्ति उपत्यकाभन्दा बाहिर गएर सेवा गर्ने परिस्थिति र अठोट गर्नुपर्छ ।

सरकारले सङ्गठन एवं व्यवस्थापन सर्वेक्षण (ओएनएम) गरेर चिकित्सक र नर्सको संख्या बढाउने र बाहिर जाने परिस्थितिलाई न्यूनीकरण गर्न सकिन्छ भन्नेबारे आवश्यक योजना बनाइरहेको छ", मन्त्री पौडेलले भन्नुभयो ।

न्याम्सका उपकुलपति प्राडा भुपेन्द्रकुमार बस्नेतले चिकित्सा क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न न्याम्सले योगदान गर्दै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले ७२ वटा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका छौँ । यस संस्थाले विश्वस्तरीय जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ, जो उच्चतम गुणस्तरको विशेष स्वास्थ्य सेवा प्रदान गर्न सक्षम हुन् ।"

समारोहमा २०८० असार/साउनदेखि २०८१ वैशाख/जेठसम्ममा स्नातकोत्तर तहडिएम, एमडी, एमएस, एमडिएस, एमएन तथा स्नातक तह बिएनएस (क्रिटिकल केयर नर्सिङ), बिएमएस (मिडवाइफ्री साइनसेज), बिएससी एमआइटी र ब्याचलर अफ अप्टोमेट्री र भिजन साइन्समा उत्तीर्ण भएका दुई सयभन्दा बढी विद्यार्थीलाई दीक्षित गरिएको हो ।रासस

# शासनमा बसेर खराब गर्नेलाई दण्डित गर्ने अधिकार छ : राष्ट्रपति

**राष्ट्रपति पौडेलले देशको युवा जनशक्ति विदेश पलायन हुने प्रवृत्ति रोक्न जरुरी रहेको उल्लेख गर्दै यसका लागि उचित शिक्षा, स्वास्थ्यको प्रबन्ध, उद्योगधन्दाको विकास, उत्पादनमा वृद्धि, चुस्तदुरुस्त सेवा प्रवाह, गाउँमै रोजगारी र आम्दानीको व्यवस्थाको लागि जनता केन्द्रित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्नुपर्ने बताउनुभयो ।**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्र रैती दुनियाँबाट सार्वभौम नागरिक हुन नेपाली जनताले रगतसँग साटेको उपलब्धि भएको बताउनुभएको छ । शासनमा बसेर खराब गर्नेलाई दण्डित गर्ने अधिकार नागरिकलाई भएको उहाँले स्पष्ट पार्नुभयो ।

सोलुखुम्बुको नेचासल्यान गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवन उद्घाटन समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा हरेक नागरिक आफ्नो सार्वभौमसत्ताको आफैँ मालिक हुने व्यवस्था भएको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ ।

उहाँले भन्नुभयो, "शासन व्यवस्थालाई सुदृढ बनाउन र यही व्यवस्थाबाट नेपाली जनताको भाग्य एवं भविष्य सुनिश्चित छ भन्ने महसुस गराउनुपर्ने दायित्व सरकार, राजनीतिक दललगायत हामी सबैको हो ।" उहाँले स्वतन्त्रता र शासन प्रणाली समयको माग र जनताको चाहना भएको बताउँदै नेपाली जनतालाई आफूले बनाएको संविधान बाहिरका कुनै पनि निरङ्कुशता र अराजकता स्वीकार्य नहुने बताउनुभयो ।

राष्ट्रपति पौडेलले भन्नुभयो,



"इतिहास साक्षी छ कि १०४ वर्षीय जहानीयाँ राणा शासन होस् कि ३० वर्षे पञ्चायत वा सक्रिय राजतन्त्र नेपाली जनताले कुनै पनि निरङ्कुशताको नाम र अवशेषलाई रुचाएनन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र हामीले त्यसै प्राप्त गरेका होइनौँ । यो हजारौँको त्याग, सङ्घर्ष र बलिदानबाट प्राप्त उपलब्धि हो ।"

राष्ट्रपति पौडेलले सभामुख हुँदा पैदलयात्रा गर्दै यस ठाउँमा र पूर्वी पहाडका डाँडाकाँडा पुगेको र जनतासँग साक्षात्कार गरेको स्मरण गर्नुभयो । उहाँले भावविह्वल हुँदै नजिकै रहेको टिम्बुरबोटेको ओडारमा रुइदै र भिज्दै पुगेको बताउनुभयो । टिम्बुरबोटेको नाम उच्चारण गर्दा राष्ट्रपति पौडेलको गला अवरुद्ध भएको थियो । टिम्बुरबोटे नेपालको प्रजातान्त्रिक आन्दोलनका क्रममा २०४१ सालमा पञ्चायती सरकारले दर्जनभन्दा माथि योद्धाको हत्याको गरेको स्थान हो ।

राष्ट्रपति पौडेलले देशको युवा जनशक्ति विदेश पलायन हुने प्रवृत्ति रोक्न जरुरी रहेको उल्लेख गर्दै यसका लागि उचित शिक्षा, स्वास्थ्यको प्रबन्ध, उद्योगधन्दाको विकास, उत्पादनमा वृद्धि, चुस्तदुरुस्त सेवा प्रवाह, गाउँमै रोजगारी र आम्दानीको व्यवस्थाको लागि जनता केन्द्रित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्नुपर्ने बताउनुभयो । उहाँले विगतमा भएका कमजोरीबाट पाठ सिकेर अघि बढ्दै समृद्ध राष्ट्र निर्माणको अभियानमा जुट्न सम्बद्ध सबैलाई आग्रह गर्नुभयो ।

राष्ट्रपति पौडेलले सङ्घीयता कार्यान्वयनका लागि तीन तहको सरकार मुलुकमा क्रियाशील भएको भन्दै जनताको ठूलो सङ्घर्ष, त्याग र बलिदानले हामीले प्राप्त गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रले सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "यसलाई सार्थक बनाउन संविधानको मर्म र भावनाअनुसार जनताको आवश्यकतामा जिम्मेवार ढङ्गले काम गर्न स्थानीय सरकार अझ बढी क्रियाशील हुनुपर्छ भन्ने म ठान्दछु ।"

उहाँले कृषि, जलस्रोत पर्यटन, पूर्वाधार र उद्योगधन्दाको विस्तार नै मुलुक विकासको आधार भएको बताउँदै यही भूगोलको सोलु र दूधकोशी नदी क्षेत्रमा निर्माणाधीन साना ठूला जलविद्युत् आयोजनाबाट मुलुकको आर्थिक विकासमा योगदान पुग्नेमा आफू विश्वस्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, "हिमाल आरोहण, पदयात्रासहित साहसिक गतिविधिमार्फत सगरमाथा क्षेत्रले मुलुकको पर्यटनको विकास र विस्तार एवं अन्ततः राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदान महत्वपूर्ण छ ।"

राष्ट्रपति पौडेलले राजधानी र मधेसबाट सर्वोच्च शिखर सगरमाथाको काख अब धेरै टाढा नभएको देख्दा आफू अत्यन्तै खुसी भएको बोल्दै अब सगरमाथा मार्ग निर्माणका लागि भएका पहल र आफूले गरेको सङ्घर्षको स्मरण गर्नुभयो ।

राष्ट्रपति पौडेलले सगरमाथाको काख मात्र नभई डोल्पाको दुनैदेखि पूर्वी पहाडमा समेत सडक पुगेको बताउनुभयो । उहाँले भन्नुभयो, "नुन, तेल लिन भारी बोकेर कैयौँ दिन हिँड्नुपर्ने हिजोको परिस्थितिबाट टाढाको भारी बिसाउने अवस्था बहुदलीय लोकतन्त्रले ल्याएको हो । लोकतन्त्रले ल्याएको यो परिवर्तनलाई हामीले भुल्न हुँदैन ।"रासस

# समृद्ध कर्णाली, सुखी कर्णाली बनाउने सपना छ : सावित्री मल्ल

काठमाण्डु । सङ्घीय संसद, राष्ट्रियसभाको सांसद भएको एक वर्ष भयो । नेपालको संविधानले राष्ट्रियसभाको व्यवस्था गरेको छ । संविधानले राष्ट्रियसभालाई स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ । संविधानले नै खासगरी सीमान्तकृत, लोपोन्मुख समुदायको राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी तथा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रियसभाको आवश्यकता औँल्याएको छ ।

मुख्यगरी राष्ट्रियसभाले प्रदेशको न्यायोचित प्रतिनिधित्व व्यवस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारिताको सन्तुलनसमेतलाई सम्बोधन गर्छ । एक वर्षको अवधिभरि संविधानअनुरुप कानुन बनाउने काममा केन्द्रित भएँ । त्योसँगै जनताका सवाललाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने काम भयो ।

संविधानअनुसार सबै कानुन बन्न सकेका छैनन् । यद्यपि, राष्ट्रियसभामा टेबुल भएका कुनै पनि विधेयकलाई रोक्ने काम भएको छैन । राष्ट्रियसभामा आएका विधेयकलाई हामीले गहिरोगरी अध्ययन गरेर र छलफल गरेर मात्र पारित गर्ने गरेका छौँ । ऐन/कानुन वा नियमलाई सकेसम्म समावेशी कुरामा राष्ट्रियसभाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

म राष्ट्रियसभाअन्तर्गतको 'विकास, आर्थिक मामिला तथा सुशासन' समितिको सदस्यका रुपमा पनि काम गर्दै आएकी छु । यो समितिले नेपालको अर्थव्यवस्था, सार्वजनिक वित्त, पूर्वबजेट छलफल, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन, सूचना प्रविधि तथा नवप्रवर्तनसम्बन्धी विषयमा काम गर्दै आएको छ । समितिले विकास आयोजना, आयोजना, दिगो विकास, समन्यायिक एवं सन्तुलित विकास, लगानी र जनसंख्या व्यवस्थापनको पनि काम गर्दै आएको छ । समितिमा विस्तृत रूपमा छलफल हुन्छ । स्थानीय, प्रदेश र सङ्घीय सरकारबीच एकरुपता र समन्वय नभएका कारण संविधानको पूर्ण कार्यान्वयन हुनसकेको छैन । नेपालको संविधानको धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । मौलिक हकअन्तर्गतका कतिपय कानुन बन्न बाँकी छ । संविधानलाई आवश्यकताका आधारमा संशोधन गरेर समय सान्दर्भिक बनाउनुपर्छ । जस्तो



संविधानको धारा ७० को 'राष्ट्रपति र उपराष्ट्रपति फरकफरक लिङ्ग वा समुदायको हुने' भनिएको छ ।

यसलाई संशोधन गरेर राष्ट्रपति र उपराष्ट्रपति एक जना अनिवार्य महिला हुनुपर्ने व्यवस्था गर्नुपर्छ । यद्यपि हाम्रो पार्टीले संविधान संशोधन गर्नुपर्ने विषयका बारेमा नेता तथा सांसद प्रकाश ज्वालाको नेतृत्वमा कार्यदल गठन गरेको छ । कुनकुन विषयमा संशोधन गर्नुपर्ने भन्ने विषय पार्टीले छिट्टै टुङ्गो लगाउने छ । महिलाका सवालमा संविधान पूर्ण रूपमा कार्यान्वयन भएको छैन । संविधानको धारा ३८ को 'महिलाको हक'मा 'राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ' भनिए पनि त्यसको पूर्ण रूपमा कार्यान्वयन हुनसकेको छैन । त्यसैगरी, प्रतिनिधिसभाको सवालमा धारा ८४ उपदफा ८ मा व्यवस्था गरिएको 'सङ्घीय संसदा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एकतिहाइ महिला हुनुपर्ने' व्यवस्था कार्यान्वयन भएको छ । यी विषय मन्त्रिपरिषद् गठनको सवालमा हुनुपर्छ । संविधानको धारा ९१ र ९२ पनि संशोधन गरेर महिलामैत्री बनाउन जरुरी छ । महिला, दलित, मधेसी, आदिवासी, जनजातिलगायत उत्पीडित समुदायको सवालमा भएका संवैधानिक अधिकारको कार्यान्वयनसँगै थप अधिकारका निम्ति एकजुट भएर सङ्घर्ष गर्नुपर्ने बेला पनि आएको छ ।

सङ्घीयतालाई अझै सुदृढ बनाउन सदाचार नीति बनाएर कार्यान्वयन गर्नुपर्छ । राजसंस्था अन्त्यका लागि नेपाली जनताले ठूलो बलिदान गरेका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र यत्तिकै आएको होइन । राजसंस्थावादीहरूले भन्दैमा अहिलेको व्यवस्था फेरिँदैन । विसं २०६२/६३ को जनआन्दोलनले राजतन्त्रको अन्त्य गर्दै देशमा गणतन्त्र आएको हो । यो शासन जनता आफैँले ल्याएको शासन हो ।

यो शासन व्यवस्था भनेको सामान्य जनताको छोरा राष्ट्रप्रमुख हुने व्यवस्था हो । यही सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझै परिमार्जन र बलियो बनाएर लैजानुपर्ने छ ।

देशमा रोजगारी सृजनाको लागि सरकारले योजना बनाएर अगाडि बढ्नुपर्छ । यत्तिकै हचुवाका भरमा सरकार अगाडि बढ्नु हुँदैन । जनताका लागि आवश्यकताका आधारमा काम गर्नुपर्छ । अहिले जनताले रोजगारी खोजिरहेका छन् । उनीहरूलाई रोजगारीको व्यवस्था गर्न बन्द भएका उद्योग सञ्चालन गर्नुपर्छ । बन्द हुने अवस्थामा पुगेका कलकारखानालाई सरकारले जोगाउन सक्नुपर्छ । सङ्घीय सरकारले पछाडि परेको कर्णाली प्रदेशलाई प्राथमिकता दिनुपर्छ । कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने सबै सांसदले त्यो प्रदेशको विकासका लागि पहल गर्नुपर्छ । समृद्ध कर्णाली, सुखी कर्णाली बनाउने सपना छ ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) की केन्द्रीय सदस्य सावित्री मल्ल विगत एक वर्षदेखि कर्णाली (महिला) तर्फबाट सङ्घीय संसद्, राष्ट्रियसभाको सांसद हुनुहुन्छ । मल्लले नेकपा (एमाले) की नेतृ विमला शाहीलाई पराजित गर्नुभएको हो । उहाँले २०४२ सालदेखि महिला आन्दोलनबाट राजनीतिक यात्रा सुरु गर्नुभएको हो ।रासस

# सूचना प्रविधि पूर्वाधार निर्माणमा केन्द्रीत बजेट बनाउन मन्त्री गुरुङको जोड

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले बजेट बनाउदा सूचना प्रविधि (आइटी) पूर्वाधार निर्माणमा जोड दिनुपर्ने बताउनुभएको छ ।

त्रिवर्षीय (आव २०८२/८३-२०८४/०५) बजेट सीमा तथा स्रोतमाथि केन्द्रीत रही मन्त्रालयअन्तर्गतका विभाग र निकायसँग बजेट योजना छलफल कार्यक्रममा उहाँले बृहत्तर उद्देश्य बोकेका योजना ल्याउन विभागीय प्रमुखलाई ध्यानाकर्षण गराउनुभयो ।

सूचना प्रविधिको विकासले राजस्व वृद्धिमा निकै ठुलो टेवा पुऱ्याएको उल्लेख गर्दै नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले आइटी क्षेत्रमा पूर्वाधार निर्माण नहुँदा यसबाट लाभ लिन नसकिने धारणा राख्नुभयो । "आइटी क्षेत्रमा पूर्वाधार नभई सोचे जस्तो लाभ लिन र उत्पादन गर्न कठिन छ । त्यसैले आइटीपार्क बनाउने जस्ता बृहत्तर योजना ल्याउनुहोस्", कार्यशैली, नीतिगत व्यवस्थामा समस्यालगायत कारणले पुँजीगत खर्च हुन नसकेको हो । अब पुँजीगत खर्च बढाउन बनाउनतिर लागौँ । योजना बनाउदा नै तालिम जस्ता स-साना उपलब्धि नहुने खालका कार्यक्रम कटौती गरेर बृहत्तर प्रभाव पार्ने योजनामा बजेट निर्माण गर्न लागौँ", मन्त्री गुरुङको भनाइ थियो ।

सञ्चार मन्त्रालयकी सचिव राधिका अर्यालले सरकारी निकायले असार १५ सम्म बजेट स्वीकृत गरिसक्नुपर्ने भन्दै उत्पादन मुलक र नवीन उद्देश्य बोकेका जनमुखी योजनामा बजेट तर्जुमा गर्न आग्रह गर्नुभयो । उहाँले खर्च गर्न नसकिने योजनामा बजेट ल्याउनुभन्दा खर्च गर्न सकिने अतिआवश्यक कार्यक्रममा केन्द्रीत हुनुपर्नेमा जोड दिनुभयो ।

छलफलमा मन्त्रालयअन्तर्गतका विभागीय तथा विभिन्न निकायका प्रमुखले आ-आफ्नो कार्यालयको बजेटबारे जानकारी दिनुभयो । राष्ट्रिय समाचार समिति (रासस)



उहाँले भन्नुभयो,"नेपाललाई प्रविधिमैत्री र इ–गभर्नेन्स प्रणालीमा लैजान पनि सरकारको लगानी आवश्यक छ । डेटा सेन्टर निर्माण गर्नु आजको अर्को अति आवश्यक विषय हो ।"

मन्त्री गुरुङले एकीकृत कार्यालय प्रणाली लागू गराउन, नागरिक एप प्रयोगका लागि अभियान चलाउन जरुरी रहेकामा जोड दिँदै यसका लागि आवश्यक बजेट विनियोजन हुनुपर्ने बताउनुभयो । पुँजीगत खर्च गर्न नसक्ने समस्याले मन्त्रालयसमेत ग्रस्त रहेको भन्दै उहाँले यसका लागि कर्मचारीलाई इमान्दार र निडर भएर काम गर्न आग्रह गर्नुभयो ।

"कर्मचारीको परम्परागत

का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राससलाई आत्मनिर्भर बनाउन सरकारी निकायले समाचार खरिद गर्नेगरी पहल आवश्यक रहेको बताउनुभयो । उहाँले रासस सङ्कलनालयलाई बृहत्तर बनाउन, भाषागत सेवा विस्तारमा बजेट विनियोजन गर्नसमेत मन्त्रीसमक्ष ध्यानाकर्षण गराउनुभयो ।

पछिल्लो समय विज्ञापन बजार सङ्कटमा परेको बेला साना लगानीका सञ्चारमाध्यमले राससलाई निःशुल्क सेवा दिनुपर्ने आग्रह गरेकाले भन्दै उहाँले त्यसलाई सम्बोधन गर्न मन्त्रालयले अनुदान बढाएर सहजीकरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।रासस

## 'दिगो विकासका लक्ष्य प्राप्त गर्न महिला सशक्तीकरण जरुरी'

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूमा महिला नेतृत्व अझै पनि चुनौतीपूर्ण रहेको बताउनुभएको छ ।

सोमबार खानेपानी तथा सरसफाइ उपभोक्ता महासङ्घ (फेडवास), नेपालद्वारा यहाँ आयोजित 'खानेपानी उपभोक्ता संस्थामा महिला नेतृत्वः अवस्था, अवसर र चुनौती' विषयक अन्तर्क्रियामा उहाँले खानेपानी र सरसफाइको क्षेत्रमा महिलाको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "खानेपानी तथा सरसफाइ आधार भूत आवश्यकता मात्र होइन, समग्र समाजको स्वास्थ्य, समृद्धि र विकाससँग गाँसिएको विषय हो । यस क्षेत्रमा महिलाको भूमिका झनै महत्वपूर्ण छ ।रासस

## प्रथम राष्ट्रिय पानी सम्मेलनः

# नौबुँदे काठमाडौँ घोषणापत्र जारी

काठमाण्डु । जल तथा ऊर्जा आयोगको सचिवालयको नेतृत्व तथा राष्ट्रिय सिँचाइ जल उपभोक्ता महासङ्घको आयोजनामा प्रथम राष्ट्रिय पानी सम्मेलन सम्पन्न भएको छ ।

नेपाल राष्ट्रिय हिमनदी, जल तथा मौसम सप्ताह-२०८१ लाई सार्थक बनाउने उद्देश्यका साथ शनिबारदेखि सुरु भएको उक्त सम्मेलन नौबुँदे काठमाडौँ घोषणापत्र जारी गर्दै आइतबार साँझ सम्पन्न भएको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको प्रमुख आतिथ्यतामा दुई दिनसम्म चलेको सम्मेलनले तीन तहका सरकार बीचको समन्वय र सहकार्य, विकास साझेदार संस्था, सामुदायिक संस्थालगायत अन्य सरोकारवाला समेतको संलग्नतामा एकीकृत नदी बेसिन योजनाअनुसार जल सुशासन हुने गरी जलस्रोतको दिगो उपयोग, संरक्षण, व्यवस्थापन र नियमन गर्ने प्रतिबद्धता जनाएको छ ।

सम्मेलनले पानीको प्रयोग तथा संरक्षणसँग सम्बन्धित नीतिगत एवं कानुनी व्यवस्थामा पानीको समुचित उपयोग तथा संरक्षण सम्बन्धमा सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाको सबलीकरण, संस्थागत क्षमता विकास, प्रदेश सरकार र स्थानीय तहले आफ्ना नीति तथा कानुनको तर्जुमा गर्दा तीन तहबीच कानुनी सामञ्जस्यता कायम गर्ने र सबै तहका सरकारहरुले यस क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

यसैगरी, राष्ट्रिय तथा अन्तराष्ट्रिय सहकार्यमार्फत जलस्रोतको विकास गरी सामाजिक र आर्थिक रूपान्तरणमा टेवा पुग्ने गरी सहकार्यको नीति अवलम्बन गर्ने, प्राकृतिक विपद् व्यवस्थापनका लागि पूर्वतयारी योजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने, जलवायु परिवर्तनका कारणले परेको प्रभावलाई न्यूनीकरण गर्न नवीनतम् प्रविधिको अवलम्बन एवं जलवायु उत्थानशील कार्ययोजनामार्फत पानीको समुचित उपयोग तथा संरक्षण गर्दै खानेपानी, सिँचाइ, जलविद्युत्लगायतका जलस्रोतका क्षेत्रमा दिगो संरचना विकास र सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

पानी सम्मेलनले जलस्रोतको क्षेत्रमा अध्ययन तथा अनुसन्धानको विस्तार गर्नका साथै पानीको समुचित उपयोग तथा संरक्षणका लागि रैथाने ज्ञान, सीप एवं प्रविधिलाई समेत समावेश गरी उपलब्ध ज्ञान तथा तथ्याङ्कको वैज्ञानिक अभिलेखीकरण, विश्लेषण तथा प्रयोग अभिवृद्धि गर्न एकीकृत सूचना प्रणाली निर्माण एवं सुदृढीकरण गरी दीर्घकालीन एकीकृत योजना तर्जुमा गर्दै कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

यसैगरी, जलस्रोतसँग सम्बन्धित सबै सरोकारवालाले जलस्रोतको उपयोग तथा व्यवस्थापनका लागि साझा मञ्चको विकास गरी समुदायको नेतृत्व सबलीकरण र क्षमता विकासका साथै असल अभ्यासको निरन्तरता र विस्तारका लागि काम गर्ने बताएको छ । जलवायु परिवर्तनबाट उत्पन्न हुने क्षति तथा नोक्सानीको परिपूर्ति गर्न हरित जलवायु कोषबाट प्राप्त हुन सक्ने स्रोत र साधनलाई जलस्रोत क्षेत्रमा उच्चतम उपयोग गर्ने सम्मेलनले प्रतिबद्धता जनाएको छ । रासस

# भूकम्पको पूर्वानुमान किन प्रायः मिल्दैन, वैज्ञानिकहरू किन गर्न खोज्दैनन्

बीबीसी

काठमाण्डु । ब्रेन्ट दिमित्रुक आफूलाई 'भूकम्पपूर्वानुमानकर्ता'का रूपमा चिनाउँछन्। मध्यअक्टोबरतिर उनले सामाजिक सञ्जालमार्फत् छिट्टै क्यालिफोर्नियामा भूकम्प आउने भविष्यवाणी गरे। सानो तटीय सहर यूरेकाको दक्षिणी भागमा अवस्थित क्यालिफोर्नियाको सबैभन्दा पश्चिमी बिन्दुमा भूकम्प जाने उनको दाबी थियो।

त्यसको दुई महिनापछि उत्तरी क्यालिफोर्नियामा ७.३ म्याग्निट्यूडको भूकम्प गयो। त्यस बेला लाखौँ मानिसहरू सुनामीको जोखिममा पनि परे। उक्त भूकम्पपछि सामाजिक सञ्जालमा दिमित्रुकलाई 'फलो' गर्नेहरूको सङ्ख्या ह्वात्तै बढ्यो। मानिसहरू उनले गर्ने पूर्वानुमानको प्रतीक्षामा हुन्थे। "मैले गरिरहेको काम नपत्याउनेले भनिदिनुहोस् कि यो कसरी संयोग मात्रै हुन सक्छ? भूकम्प कहाँ जान्छ भनेर पत्ता लगाउन निकै गम्भीर सीप चाहिन्छ," नयाँ वर्षको पूर्वसन्ध्यामा उनले भने।तर भूकम्पबारे अध्ययन गरिरहेका वैज्ञानिकहरू भूकम्प पूर्वानुमान गर्न नसकिने बताउँछन्। पूर्वानुमान गर्न नसकिने भएकैले भूकम्प चिन्ताको विषय हो।

उत्तरी अमेरिकाको पश्चिमी तटीय क्षेत्रमा बसोबास गरिरहेका दशौँ लाख मानिसहरू "महाभूकम्प" आउन सक्ने डरमा छन्। त्यस्तो भूकम्पका कारण सो क्षेत्रना असङ्ख्य मानिस र दृश्यावली प्रभावित हुने चिन्ता छ। तीन दशकभन्दा लामो समय अमेरिकी भौगर्भिक सर्वेक्षण निकाय यूएसजीएसमा काम गरेकी र 'द विग वन्स' पुस्तककी लेखक तथा वैज्ञानिक लुसी जोन्सले आफ्नो अनुसन्धानको अधिकांश समय भूकम्पको जोखिमको अध्ययनमा

> हरेक वर्ष विश्वभरिमा एक लाखवटा भूकम्पहरु महसुस हुने यूएसजीएसले जनाएको छ। त्यसैले पनि मानिसहरु भूकम्पबारे पूर्वचेतावनी पाइयोस् भन्ने चाहन्छन्।

बिताएकी छन्। उनले यस्ता प्रलयकारी घटनाको सामना गर्ने क्षमता विकास र सुधारमा आफ्नो समय खर्चिएकी छन्।

उनका अनुसार ठूलो भूकम्प कहाँ र कहिले ठूलो जान्छ भन्ने प्रश्नको उत्तर आफूले पत्ता लगाइसकेको दाबी गर्ने धेरै मानिसहरू थिए।"मानिसहरू डराउनु एकदमै सामान्य हो। तर भूकम्प पूर्वानुमान गर्न सकिने सामर्थ्य छैन," उनी भन्छिन्।

हरेक वर्ष विश्वभरिमा एक लाखवटा भूकम्पहरू महसुस हुने यूएसजीएसले जनाएको छ। त्यसैले पनि मानिसहरू भूकम्पबारे पूर्वचेतावनी पाइयोस् भन्ने चाहन्छन्। डिसेम्बरमा भूकम्प गएको सान फ्रान्सिस्कोभन्दा ४३४ किलोमिटर



उत्तरमा रहेको यूरेकाको तटीय क्षेत्रमा गत वर्ष मात्रै ७०० वटा भूकम्प गएको तथ्याङ्कमा देखिन्छ। तीमध्ये १० वटा त एक साताभित्रै गएका थिए।

दिमित्रुकले भूकम्प जान्छ भनेर भविष्यवाणी मिलाएको ठाउँ अमेरिकामा "भूकम्पको सक्रिय क्षेत्र" मध्येमा पर्ने यूएसजीएसले जनाएको छ। तीनवटा टेक्टोनिक प्लेटहरूको मिलन हुने स्थान भएका कारणले यो क्षेत्रलाई 'मेन्डोसिनो ट्रिपल जङ्शन' भनिन्छ।

जमिनमुनि रहेका टेक्टोनिक प्लेटहरू माथिल्लो वा तल्लो भागमा वा दायाँबायाँ सर्दा तनाव उत्पन्न हुन्छ र त्यो तनाव निष्कासन हुँदा भूकम्प जान्छ। त्यस कारण सो क्षेत्रमा भूकम्प जान्छ भन्नु सहज नभएको जोन्स बताउँछिन्। यद्यपि उनका अनुसार म्याग्निटयूड ७.० को भूकम्प निकै दुर्लभ हो।

यूएसजीएसका अनुसार सन् १९०० यता त्यो स्तर वा त्योभन्दा ठूला ११ वटा मात्रै भूकम्प सो क्षेत्रमा गएका छन्। तीमध्ये एउटाको पूर्वानुमान मिलेको हो। दिमित्रुकको अनुमान मिले पनि जोन्सले ठूला र विनाशकारी भूकम्प ठ्याक्कै मिलाउन कठिन रहेको बीबीसीले बताइन्।

उनका अनुसार भूकम्प निम्त्याउने भूगर्भीय कारकहरू निकै जटिल र "परिवर्तनशील" हुन्छन्। भूकम्पको म्याग्निट्यूड भूकम्प जान सुरु भएपछि मात्रै विकास हुन सक्ने उनको दाबी छ। वैज्ञानिकहरूलाई भूकम्प किन जान्छ भन्ने चाहिँ थाहा छ। त्यो भनेको 'फल्ट लाइन'हरूमा हुने हलचल हो। तर यूएसजीएस यसको पूर्वानुमान गर्न नसकिने बताउँछ।"कुन समयमा र कसरी भूकम्प जान्छ भन्ने हामी निकट भविष्यमा पनि थाहा पाउने आशा गर्दैनौं," यूएसजीएसले भनेको छायद्यपि निश्चित वर्षहरूभित्र निश्चित क्षेत्रमा भूकम्प जान सक्ने सम्भावनाको हिसाब लगाउन सकिने उनको भनाइ छ।

भौगर्भिक अभिलेखहरूले "ठूला खालका" भूकम्पहरू आउने क्रम नियमित जस्तो हुने देखाएका छन्। 'क्यास्केडिआ सब्डक्शन जोन' प्रत्येक ३०० देखि ५०० वर्षको बीचमा सर्ने गरेको छ। परिणामस्वरूप उत्तरपश्चिमी प्रशान्त तटीय क्षेत्रमा १०० फिट अग्ला ठूला सुनामीहरू आउँछन्। दक्षिणी क्यालिफोर्नियाको सान एन्ड्रिआस फल्ट पनि "ठूला भूकम्प"को अर्को कारक हो।

त्यहाँ पनि हरेक २०० देखि ३०० वर्षको अन्तरमा विनाशकारी भूकम्पहरू आउँछन्। सो क्षेत्रमा जुनसुकै समयमा पनि ठूला भूकम्प जान सक्ने विज्ञहरू बताउँछन्। भूकम्पविद् जोन्स आफूले काम गर्ने क्रममा हजारौँ मानिसहरूले ठूला भूकम्पको पूर्वानुमान गर्दै आफूलाई सचेत गराएको बताउँछिन्। सन् ११९०को दशकमा पनि भूकम्पबारे मानिसहरूलाई सचेत गराइदिन आग्रह गर्दै कैयौँ फ्याक्सहरू आफ्नो कार्यालयमा आएका उनले बताइन्।

"हरेक साता भविष्यवाणी भइरहँदा कोही न कोहीले त मिलाउन सक्छ हैन त?" उनी भन्छिन्। "त्यसपछि उनीहरू हौसिएर अरू १० वटा भूकम्पको पूर्वानुमान गर्छन् र ती कुनै पनि मिल्दैनन्।"

दिमित्रुक वैज्ञानिक हैनन्। उनले पछि गरेका धेरै पूर्वानुमानहरू मिलेनन्।उनले धेरै अगाडि दक्षिण पश्चिमी अलास्का टापु वा न्यूजील्यान्डको तटीय क्षेत्रमा १०.३ म्याग्निट्यूडको निकै ठूलो भूकम्प जाने र त्यसले विश्वव्यापी व्यापारमै असर पुग्ने सक्ने भविष्यवाणी गरेका थिए। यूएसजीएसले कुनै पनि भूकम्पको भविष्यवाणी उपयोगी हुनका लागि तीनवटा कुरा हुनुपर्ने भनेको छ।

ती कुरा मिति र समय, भूकम्प जाने स्थान र भूकम्पको म्याग्निट्यूड हुन्।तर दिमित्रीले तोक्ने समय परिवर्तन भइरहन्छ। एकताका उनले अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले कार्यभार सम्हाल्नुअघि वा कार्यकाल सुरु भएलगत्तै उक्त भूकम्प आउने दाबी गरेका थिए।त्यसपछि उनले भविष्यवाणीको समय सार्दै सन् २०३० भन्दा अगाडि त्यस्तो भूकम्प आउने बताए। दिमित्रुकले भविष्यवाणी गरेजत्रो भूकम्प अहिलेसम्म पृथ्वीमा मापन भएको छैन। तर उनले आफ्नो भविष्यवाणी कायमै राखेका छन्।

"मलाई संयोगले मात्रै मिलेको भन्ने लाग्दैन," दिमित्रुक आफ्नो भविष्यवाणीबारे बीबीसीसँग भन्छन्। "यो मनपरी भनिएको वा संयोगले मिलेको होइन।"तर भूकम्पका हकमा धेरै मानिसहरूमा मानिसहरूमा यस्तो सोचाइ हुने जोन्सको दाबी छ।"जथाभाबी आउने भूकम्पहरूमा पनि एउटा प्रवृत्तिजस्तो देखिन्छ। हामी तारामण्डलमा पनि नक्षत्रहरू देख्छौँ," उनी भन्छिन्।"भूकम्पसँग धेरै मानिसहरू त्रसित हुन्छन्। त्यसको सामना गर्ने एउटा तरिका भविष्यवाणी पनि हो।" पूर्वानुमान गर्न नसकिने विषयलाई भूकम्पको पूर्वतयारी नगरी बस्नु ठिक हो भन्ने अर्थमा बुझ्न नहुने विज्ञहरू बताउँछन्।

दशौँ लाख अमेरिकीहरू प्रत्येक वर्ष अक्टोबरको तेस्रो मङ्गलवार विश्वकै सबैभन्दा ठूलो भूकम्प पूर्वतयारी अभ्यासमा सहभागी हुन्छन्। त्यसलाई 'द ग्रेट शेक आउट' भनिन्छायसको आयोजना जोन्स सहितको समूहले स्थापना गरेको सदर्न क्यालिफोर्निया अर्थक्वेक सेन्टरले गर्दै आएको छ।

उक्त अभ्यासमा मानिसहरूले 'ड्रप, कभर र होल्ड' अर्थात् घुँडा टेकेर निहुरिने, टेबलजस्ता सामानमुनि लुक्ने र एक मिनेट त्यहीँ अडिनेजस्ता क्रियाकलाप गर्छन्। यो अभ्यास निकै लोकप्रिय छ। भूकम्पको जोखिममा रहेको तटीय क्षेत्रबाट सुरु भएको यस्तो पूर्वाभ्यास अहिले अमेरिकाकै अन्य राज्य सहित विभिन्न देशमा पनि फैलिसकेको छ। घरबाहिर रहेको अवस्थामा चाहिँ मानिसहरूलाई सकेसम्म रूख, घर वा विद्युत् प्रसारण लाइनहरू नभएको खुला ठाउँमा रहन सुझाव दिइएको छ।समुद्री तटमा रहेका मानिसहरूलाई चाहिँ भूकम्प रोकिएपछि सम्भावित सुनामीबाट बच्न उच्च भूभागतर्फ भाग्ने अभ्यास गराइन्छ।

"जमिन कम्पन नभएको र नआत्तिएको समय अभ्यास गर्नका लागि सबैभन्दा उपयुक्त अवस्था हो," वाशिङ्टन स्टेट इमर्जेन्सी डिभिजनका कार्यक्रम व्यवस्थापक ब्रायन टर्बुश भन्छन्। पूर्वाभ्यासबाहेक पश्चिमी तटीय क्षेत्रमा पर्ने राज्यका बासिन्दाहरूले यूएसजीएसले उपलब्ध गराएको 'शेक अलर्ट' भनिने फोनमा चेतावनी जारी गरिने प्रणालीको पनि अभ्यास गर्छन्।उक्त प्रणालीले भूकम्पका समयमा उत्पन्न हुने तरङ्ग पहिचान गरेर मानिसहरूलाई सतर्क गराउने काम गर्छ। यसले भूकम्प आउने समयबारे भविष्यवाणी गर्न नसके पनि भूकम्प आएको केही सेकेन्डमै त्यसले चेतावनी जारी गर्ने हुँदा त्यो जीवन बचाउन उपयोगी हुन सक्छ। यो नै हालसम्म आविष्कार भएको भूकम्पको "भविष्यवाणी" गर्ने उपाय हो।

# प्रधानमन्त्री कप क्रिकेटमा गण्डकी र सशस्त्र विजयी




भैरहवा । प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत आज भएका खेलमा गण्डकी प्रदेश र सशस्त्र प्रहरी विजयी भएका छन् ।

गण्डकीले मधेसलाई प्रतियोगिताको पहिलो सुपर ओभरमा हराएको छ भने सशस्त्र प्रहरीले लुम्बिनी प्रदेशलाई ७ विकेटले पराजित गरेको छ । गण्डकीले जिते पनि सबै खेलमा ४ अङ्क मात्र बटुल्दै बाहिरिएको छ भने अन्तिम खेल खेलेको लुम्बिनी पराजित हुँदै बाहिरिएको छ ।

जारी प्रतियोगितामा सोमबार पहिलो सुपर ओभर खेलाइएको हो । मधेस प्रदेश र गण्डकी प्रदेशबिचको खेल बराबरीमा टुङ्गिए पछि खेलको छिनोफानो गर्न सुपर ओभर खेलाइएको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा २४७ रनको लक्ष्य लिई मैदान प्रवेश गरेको गण्डकीले ५० ओभरमा आफ्नो सबै विकेट गुमाउँदै २४६ रन मात्र बनाउन सक्यो । अन्तिम बलमा २ रन आवश्यक रहे पनि सन्दिप अर्याल रन आउट भए । तर त्यस अघि नै एम्पायर सञ्जय गुरुङ्गले बललाई वाईड दिइसकेकाले गण्डकीले १ अतिरिक्त रन पाउँदै खेल बराबरीमा टुङ्गिएको थियो ।

सुपर ओभरमा पहिला ब्याटिङ गर्दै गण्डकीले २२ रन बनाएको थियो । २३ रनको लक्ष्य मधेसले भेट्टाउन सकेन । उसले सुपर ओभरमा ९ रन मात्र बनाउन सक्यो र अन्ततः गण्डकी प्रदेश सुपर ओभरमा विजयी भयो । यस अघि गण्डकीका लागि अर्जुन कुमालले शतक प्रहार गरे । उनले १४० बलको सामना गर्दै १० चौका र १ छक्काको सहयोगमा १०६ रन बनाए । यसैगरी गण्डकीका लागि दिनेश बुढामगर र सुदिप अर्यालले ३४/३४ रन र सुभास भण्डारीले १३ रन बनाए ।

बलिङमा मधेशका विशाल पटेलले ४ विकेट लिँदा रुपेश सिंह, रञ्जित कुमार, प्रदिप पासवान र पवन सर्राफले १/१ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको मधेस प्रदेशले रोहन विक, हरिशङ्कर साह र रुपेश सिंहको अर्धशतकको सहयोगमा ७ विकेट गुमाउँदै २४६ रन बनाएको थियो । मधेसका लागि रोहन बिकले ९८ बलको सामना गरी ६ चौका र ३ छक्काको सहयोगमा ६४ रन बनाए । हरिशंकर साह र रुपेश सिंहले समान ५१/५१ रन बनाए भने पवन सर्राफले ३३ रन बनाए।

बलिङमा गण्डकी प्रदेशका बिपिन खत्री र कमल परियारले समान २/२ विकेट लिँदा अमित गुरुङ र सन्दिप पराजुलीले १/१ विकेट लिए । प्रतियोगितामा ७ खेल खेलेको मधेस २ मा जित र ५ मा हार गरी ४ अंक हासिल गरेको छ भने ९ खेल खेलिसकेको गण्डकी मात्र २ मा जित हासिल गरी ४ अङ्क प्राप्त गर्दै प्रतियोगिताबाट बाहिरिएको छ।

सोमबारै सम्पन्न दोस्रो खेलमा सशस्त्र प्रहरीले लुम्बिनी प्रदेशलाई ७ विकेटले पराजित गरेको छ । लुम्बिनीले दिएको २२४ रनको लक्ष्य सशस्त्रले ४१.५ ओभरमा ३ विकेटको क्षतिमा हासिल ग-यो । सशस्त्रका लागि कप्तान रोहित पौडेल र पुरन विकले अर्धशतक बनाए । पुरन विकले ११२ बल खेल्दै ६ चौका र १ छक्काको सहयोगमा अविजित ७२ रन बनाए भने रोहित पौडेलले ९४ बल खेल्दै ७ चौकाको सहयोगमा ७१ रन जोडे । सशस्त्रका लागि सन्दिप जोराले अविजित २१ रन र लोकेश बमले २१ रन बनाए ।

रूपन्देहीकै एक्स्ट्राटेक ओभल क्रिकेट रङ्गशालामा टस जितेर ब्याटिङ गर्दै लुम्बिनी प्रदेशले कप्तान देव खनाल र मृनाल गुरुङको अर्धशतकको सहयोगमा ८ विकेटको क्षतिमा २२३ रन बनाएको थियो । लुम्बिनीका लागि कप्तान देव खनालले ७९ बलको सामना गरी ४ चौकाको सहयोगमा ६३ रन बनाउँदा मुनाल गुरुङले ८७ बलको सामना गरी ४ चौकाको सहयोगमा ५५ रन बनाए। आकाश त्रिपाठीले २२ रन र प्रज्ज्वल थापाले २० रन बनाए।

लुम्बिनी प्रदेशले ४ खेल जित र ५ मा हारसहित ८ अङ्क ल्याएसँगै प्रतियोगिताबाट बाहिरिएको छ।

यसै गरी ८ खेल खेलेको सशस्त्र प्रहरीले थप २ अङ्क जोड्दै फाइनल पुग्ने सम्भावना छ । सशस्त्रले ८ खेलमा ६ मा जितसहित १२ अङ्क ल्याएको छ। अझै एक खेल खेल्न बाँकी छ।

प्रतियोगितामा हालसम्म सबै ७ वटा खेलमा अविजित रहँदै नेपाल पुलिस क्लब १४ अङ्कसहित शीर्ष स्थानमा रहेको छ भने ८ खेल खेलेको त्रिभुवन आर्मी क्लब ७ खेलमा जित निकाल्दै १४ अङ्कका साथ दोस्रो स्थानमा छ।

प्रतियोगिताको शीर्ष २ टोलीले यही चैत १६ गते फाइनल खेल्नेछ । मङ्गलबारको खेल रूपन्देहीको एक्स्ट्राटेक ओभल क्रिकेट रङ्गशालामा मधेस प्रदेश र सुदूरपश्चिमप्रदेशबीच हुनेछ।रासस

## अमेरिकासँग अप्रत्यक्ष आणविक वार्ता गर्न खुला : इरान

एएफपी

तेहरान। राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ आणविक सम्झौताका लागि वार्ता गर्न माग गर्नुभएपछि इरानले सोमबार अमेरिकासँग अप्रत्यक्ष वार्ताका लागि खुला रहेको बताएको छ।

"जबसम्म इरानप्रति अर्को पक्षको दृष्टिकोणमा परिवर्तन हुँदैन, अप्रत्यक्ष वार्ताका लागि बाटो खुला छ", प्रत्यक्ष वार्ताको सम्भावनालाई अस्वीकार गर्दै विदेशमन्त्री अब्बास अराघचीले भन्नुभयो।

उहाँका अनुसार तेहरानले धम्कीको अधीनमा र जबसम्म ट्रम्पले आफ्नो 'अधिकतम दबाब' नीति कायम राख्नुहुन्छ तबसम्म वासिङ्टनसँग प्रत्यक्ष वार्तामा संलग्न हुनेछैन।

राष्ट्रपतिका रूपमा आफ्नो पहिलो कार्यकालमा त्यो नीतिअन्तर्गत ट्रम्पले सन् २०१८ मा इरानको आणविक कार्यक्रममा भएको ऐतिहासिक सम्झौताबाट अमेरिकालाई फिर्ता लिनुभयो र तेहरानमाथि प्रतिबन्धहरू पुनःस्थापित गर्नुभयो।सन् २०१५ मा तेहरान र पश्चिमी शक्तिहरूबीच भएको सम्झौताले इरानलाई प्रतिबन्ध राहतको बदलामा आफ्नो आणविक महत्त्वाकांक्षा सीमित गर्न आवश्यक थियो।

संयुक्त राज्य अमेरिकासहितका पश्चिमी देशहरूले लामो समयदेखि इरानलाई आणविक हतियारको खोजी गरेको आरोप लगाएका छन्। उक्त आरोपलाई तेहरानले अस्वीकार गर्दै यसको संवर्धन गतिविधिहरू शान्तिपूर्ण उद्देश्यका लागि मात्र भएको दाबी गरेको छ।

# अमेरिका र रुसबीच युक्रेनबारे साउदी अरबमा वार्ता सुरु



एएफपी

रियाद । वासिङ्टन र किएभका प्रतिनिधिहरूबीच छलफल भएको एक दिनपछि अमेरिकी र रुसी अधिकारीहरूले युक्रेन युद्धमा आंशिक युद्धविराम गर्ने विषयमा सोमबार साउदी अरबमा वार्ता सुरु गरेका छन्।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले तीन वर्षदेखि जारी युद्धको द्रुत अन्त्यका लागि जोड दिइरहनुभएको छ र रियादमा हुने वार्ताले सफलताका लागि मार्ग प्रशस्त गर्ने आशा व्यक्त गर्नुभएको छ। दुवै पक्षले अस्थायी युद्धविरामका लागि फरक-फरक योजना अघि सारेका छन्, तर सीमापार आक्रमण भने जारी छ।

द्वन्द्वरत पक्षबीच प्रत्यक्ष वार्ता गर्न सहमत नभएको अवस्थामा तेस्रो पक्षको मध्यस्थतामा दुई वा दुईभन्दा बढी पक्षबीच हुने छलफल र वार्ता (शटल डिप्लोमेसी) को माध्यमबाट सुरुमा द्वन्द्वरत पक्षका धारणा बुझ्ने र एउटा निर्णयका लागि आधार तय गरिने यो छलफल र वार्तामा अहिले अमेरिकी प्रतिनिधि र रूसी प्रतिनिधिबीच कुराकानी भइरहेको रुसको समाचार एजेन्सी तासले जनाएको छ। रक्षामन्त्री रुस्तम उमरोभको नेतृत्वमा रहेको युक्रेनी टोली र अमेरिकी सेनाबीच आइतबार अबेर राति भेटवार्ता सम्पन्न भएको थियो । "हामीले ऊर्जालगायत महत्वपूर्ण बुँदालाई सम्बोधन गर्‍यौं," छलफल एजेन्डामा केन्द्रित भएको र फलदायी भएको उमरोभले सामाजिक सञ्जालमा उल्लेख गर्नुभएको छ। "युक्रेनले 'न्यायोचित र दिगो शान्ति' को आफ्नो लक्ष्यलाई वास्तविकतामा परिणत गर्ने काम गरिरहेको छ।"

ट्रम्पका दूत स्टिभ विटकोफले कुनै पनि सम्झौताले पूर्ण युद्धविरामका लागि मार्ग प्रशस्त गर्ने बताउँदै फक्स न्यूजसँग बताउनुभयो, "मलाई लाग्छ सुरूमा विशेष गरी दुई देशबीच 'ब्ल्याक सी' भएर आवतजावत गर्ने मालबाहक जहाजबारे छलफल हुनेछ त्यसपछि स्वाभाविक रूपमा वार्ता पूर्ण युद्धविरामतर्फ आकर्षित हुनेछ। तपाईं सोमबार साउदी अरबमा केही वास्तविक प्रगति देख्नुहुनेछ।"

### 'केवल शुरूआत'

क्रेमलिनले आइतबार द्रूत समाधानको अपेक्षालाई कम महत्व दिएको छ। क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रुसी सरकारी टेलिभिजनसँग भन्नुभयो, "हामी यो बाटोको सुरुआतमा मात्र छौं।

उहाँले सम्भावित युद्धविराम कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने बारेमा धेरै प्रश्नहरू रहेको बताउनुभयो । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पूर्ण युद्धविरामका लागि तत्काल ३० दिनको वार्ता गर्ने अमेरिका र युक्रेनको संयुक्त आह्वानलाई अस्वीकार गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत् सार्वजनिक गरिएको एक अन्तवार्तामा पेस्कोभले भन्नुभएको छ "अगाडि वार्ताका लागि कठिन परिदृष्य देखिएका छन्।"

पेस्कोभले संयुक्त राज्य अमेरिकासँगको वार्तामा 'मुख्य' ध्यान २०२२ को 'ब्ल्याक सी' हुँदै खाद्यान्न सम्झौताको सम्भावित पुनरुत्थान हुने बताउनुभएको छ । उक्त सम्झौताले 'ब्ल्याक सी'मार्फत युक्रेनी कृषि निर्यातको लागि सुरक्षित आवागमन सुनिश्चित गर्दछ ।पेस्कोभले भन्नुभयो, "सोमबार हामी मुख्यतया तथाकथित 'ब्ल्याक सी' सम्झौताको पहललाई पुनः सुरु गर्न राष्ट्रपति पुटिनसँग छलफल गर्न चाहन्छौं र हाम्रा वार्ताकारहरू यस समस्याको वरिपरिका सूक्ष्मताहरू छलफल गर्न तयार हुनेछन्।"

सन् २०२३ मा टर्की र संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा भएको उक्त सम्झौताबाट मस्को पछि हटेको थियो र पश्चिमा मुलुकले रुसको आफ्नै कृषि उपज र मलको निर्यातमा लगाइएको प्रतिबन्धलाई कम गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्न असफल भएको आरोप लगाएका थिए।युक्रेनका एक वरिष्ठ अधिकारीले यसअघि एएफपीलाई बताएअनुसार किएभले ऊर्जा सुविधा, पूर्वाधार र नौसैनिक आक्रमणमाथि हुने आक्रमणलाई समेट्ने गरी व्यापक युद्धविरामको प्रस्ताव गर्नेछ ।वार्ताको पूर्वसन्ध्यामा दुवै पक्षले नयाँ ड्रोन आक्रमण गरेका थिए।

### किएभमाथि घातक आक्रमण जारी

युक्रेनी अधिकारीहरूले शनिबार राति भएको रुसी ड्रोन आक्रमणमा परी पाँच वर्षीया बालिका र उनका बुबासहित तीन सर्वसाधारणको मृत्यु भएको बताएका छन्।

# स्पोर्ट्स अवार्ड: महिला विधाको वर्ष खेलाडी मनोनयन सार्वजनिक

सुदूरपश्चिम । धनगढीमा यही चैत १९ गते आयोजना हुने 'छैटौं एसपीए सुदूरपश्चिम स्पोर्ट्स अवार्ड २०८१' को वर्ष खेलाडी महिला विधाको मनोनयन सोमबार सार्वजनिक गरिएको छ।

खोखोकी मानमती धामी, कबड्डीकी मानमती विष्ट र बक्सिङकी स्वस्तिका तिरुवा वर्ष खेलाडी महिलाको मनोनयनमा परेको आयोजक नेपाल खेलकुद पत्रकार मञ्च कैलालीले जनाएको छ।

छनोट समितिका संयोजक सीताराम ओझाले खोखोकी धामी प्रथम विश्वकपको महिलातर्फ नेपाललाई उपविजेता बनाउने खेलाडी रहेको जानकारी दिनुभयो।

उक्त विश्वकपमा उनी दुई खेलमा वेष्ट अट्याक, एकपटक वेष्ट प्लेयर र वेष्ट डिफेन्डरको उपाधि जित्ने खेलाडी हुन्। बक्सिङकी तिरुवा बहराइनमा भएको आइएसएफ जिम्नासाइड समर गेम्सको बक्सिङमा नेपाललाई स्वर्ण पदक जिताउने खेलाडी हुन्। कबड्डीकी विष्ट नेपाललाई एसियन

> सुदूरपश्चिम आइकन महिला तथा पुरुष विधाका विजेतालाई जनही रु २० हजारसहित ट्रफी प्रदान गर्न लागिएको छ।

महिला कबड्डी च्याम्पियनसिपमा पहिलोपटक कास्य पदक जिताउने कप्तान हुन्। इरानमा भएको छैटौं एशियन महिला कबड्डी च्याम्पियनसिपमा उनले नेपाली महिला टोलीलाई दुई दशकपछि कास्य पदक दिलाएकी थिइन्।

स्पोट्स अवार्डमा आठ विधामा अवार्ड प्रदान गर्न लागिएको छ। यसअघि नै सुदूरपश्चिम आइकन पुरुष र महिला तथा वर्ष युवा खेलाडी र वर्ष प्रशिक्षकको मनोनयन सार्वजनिक भइसकेको छ। वर्ष युवा खेलाडीको मनोनयनमा क्रिकेटका नरेन साउद, फुटबलका निराजन धामी र कबड्डीका सुशील चुनारा परेका छन्। वर्ष प्रशिक्षकको मनोनयमा कबड्डीका विष्णुदत्त भट्ट, भलिबलका जगदीश भट्ट र कबड्डीकै हरिना थापा परेकी छन्।

सुदूरपश्चिम आइकन पुरुष विधामा कबड्डीका खगेन्द्र जोशी, पौडीका अथर्व सिंह र क्रिकेटका हेमन्त धामी तथा सुदूरपश्चिम आइकन महिला विधामा करातेकी मनिषा बोहरा, कबड्डीकी मनिषा जोशी र क्रिकेटकी सावित्री धामी मनोनयनमा परेकी छन्।

उत्कृष्ट खेलाडी पुरुष तथा महिला विधाका विजेतालाई जनही रु ३५ हजार, उत्कृष्ट प्रशिक्षकलाई रु ३० हजार, वर्ष युवा खेलाडी, स्पेसल अवार्ड र लाइफटाइम एचिभमेन्ट अवार्डका विजेतालाई जनही रु २५ हजारले पुरस्कृत गरिने आयोजक नेपाल खेलकुद पत्रकार मञ्च कैलालीका अध्यक्ष प्रदीप पाठकले जानकारी दिनुभयो।

सुदूरपश्चिम आइकन महिला तथा पुरुष विधाका विजेतालाई जनही रु २० हजारसहित ट्रफी प्रदान गर्न लागिएको छ।

सुदूरपश्चिम प्रदेश खेलकुद परिषद् मुख्य प्रबर्द्धक रहेको स्पोट्स अवार्डको मुख्य प्रायोजन सुदूरपश्चिमाञ्चल एकेडेमी(एसपीए) धनगढीले गरेको छ। मञ्चले बर्सेनि स्पोट्स अवार्डमार्फत उत्कृष्ट प्रदर्शन गरेका राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी र प्रशिक्षकलाई पुरस्कृत गर्ने गरेको छ।रासस

# पुँजीबजारको ओरालो यात्रा थामियो, नेप्से परिसूचक २६ अङ्कले बढ्यो

काठमाण्डु । गतसातादेखि निरन्तर ओरालो लागिरहेको पुँजीबजार सोमबार थामिएर हरियो देखिएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २६ दशमलव १० अङ्कले बढेर दुई हजार छ सय ४० दशमलव ७८ को बिन्दुमा कायम भएको हो ।

सोमबार विभिन्न ३२६ कम्पनीका ९७ लाख ३९ हजार सात सय ३८ कित्ता शेयर ५८ हजार २३५ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ४८ करोड ३५ लाख ९९ हजार बराबरको कारोबार भएको छ ।

सोमबारको कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ। सबैभन्दा धैरै वित्त समूह तीन दशमलव ५२ प्रतिशतले बढेको छ। त्यस्तै, बैंकिङ शून्य दशमलव ७१, विकास बैंक शून्य दशमलव ७१, होटल तथा पर्यटन एक दशमलव ०३, जलविद्युत् शून्य दशमलव ९५, लगानी शून्य दशमलव ८३, जीवन बीमा एक दशमलव ४६ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ७८ प्रतिशतले बढेको छ। त्यस्तै, लघुवित्त शून्य दशमलव ७९, म्युचुअल फन्ड शून्य दशमलव ४४, निर्जीवन बीमा शून्य दशमलव ६५, व्यापार एक दशमलव ०६ र अन्य समूह एक दशमलव ५० प्रतिशतले बढेको छ।

गार्डियन माइक्रोलाइफ इन्स्योरेन्सको शेयरमूल्य सोमबार सबैभन्दा धैरै नौ दशमलव ५१ प्रतिशतले बढ्को छ। सबैभन्दा धैरै घट्नेमा भने अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य चार दशमलव २६ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धैरै हिमालयन रि-इन्स्योरेन्स लिमिटेडको रू ३२ करोड ६९ लाख ७७ हजार ५७८ बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धैरै सानिमा ग्रोथ फन्डको सात लाख १० हजार कित्ता शेयर किनबेच भएको छ ।रासस

# कुलेखानीको तीनवटै युनिट पूर्ण क्षमतामा सञ्चालन

बागमती । मकवानपुरस्थित कुलेखानी जलविद्युत् केन्द्रको तीनवटै युनिट पूर्ण क्षमतामा सञ्चालनमा आएका छन् । सुक्खायाम सुरु भएकाले कुलेखानी जलविद्युत् केन्द्रको प्रथम, दोस्रो र तेस्रो युनिट पूर्ण क्षमतामा सञ्चालनमा आएका हुन् ।



कुलेखानी जलविद्युत् प्रथमले ६० मेगावाट, दोस्रोले ३२ मेगावाट र तेस्रोले १४ मेगावाट विद्युत् उत्पादन गरिरहेको छ । "आवश्यकताका आधारमा अहिले दैनिक १४ देखि १८ घण्टा कुलेखानी जलविद्युत् केन्द्र पूर्ण क्षमतामा सञ्चालन भइरहेको छ", कुलेखानी प्रथमका प्रमुख तारादत्त भट्टले भन्नुभयो, "यही चैत ३ गतेदेखि तीनवटै युनिट पूर्ण क्षमतामा सञ्चालन आएका छन् ।" आवश्यकतानुसार विद्युत् उत्पादन भइरहेको उहाँले बताउनुभयो ।

रनअफ रिभरमा आधारित आयोजनाको सुक्खायाममा उत्पादन घटेकाले विद्युत् भार व्यवस्थापन गर्न कुलेखानी जलविद्युत् केन्द्रका तीनवटै युनिट पूर्ण क्षमतामा सञ्चालनमा आएका कुलेखानी जलविद्युत् केन्द्र प्रथमका सहायक इन्जिनियर रामकुमार बुढाथोकीले बताउनुभयो ।

"वर्षात्को समयमा रनअफ रिभरमा आधारित आयोजना पूर्ण रूपमा सञ्चालनमा हुन्छ", सहायक इन्जिनियर बुढाथोकीले भन्नुभयो, "त्यतिबेला हामी ड्याममा पानी सञ्चित गरेर राख्छौँ र सुक्खायाम सुरु भएसँगै रनअफरिभरमा आधारित आयोजनाको विद्युत् उत्पादन घट्छ ।" सुक्खायाममा कुलेखानी जलविद्युत्का युनिटहरू सञ्चालनमा आउने उहाँले बताउनुभयो ।

"विद्युत भार व्यवस्थापन केन्द्रको आवश्यकतानुसार हामीले पूर्ण क्षमतामा सञ्चालन गर्दै आएका छौँ", बुढाथोकीले भन्नुभयो, "अहिले दैनिक १४ देखि १८ घण्टासम्म विद्युत् उत्पादन गरिरहेका छौँ, आवश्यक पर्यो भने हामी चौबीसै घण्टा विद्युत् उत्पादन गर्छौँ ।"

सहायक इन्जिनियर बुढाथोकीका अनुसार चालु आव २०८१/८२ को साउनदेखि फागुनसम्ममा कुलेखानी जलविद्युत् केन्द्र प्रथमले ८१ हजार दुई सय नौ मेगावाट विद्युत् उत्पादन गरेको छ । आव २०८०/८१ मा ३४ हजार तीन सय ८८ मेगावाट मात्र विद्युत् उत्पादन गरेको थियो । रासस

# बाघको संख्या बढ्दा बासस्थानको समस्या

चितवन । नेपालमा बाघको संख्या बढ्दै जाँदा त्यसको बासस्थान क्षेत्र बढाउनुपर्ने देखिएको छ । निकुञ्ज क्षेत्र, मध्यवर्ती क्षेत्र र अन्य वन क्षेत्र बाघको बासस्थान भए पनि बाघको संख्या बढ्न थालेपछि बासस्थानको समस्या पनि बढेको छ ।

चितवन राष्ट्रिय निकुञ्जले यहाँ आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले बाघका लागि बासस्थान बढाउन आवश्यक रहेको बताउनुभयो । विगत पाँच वर्षयता बाघको संख्या बढ्दै गएकाले बासस्थान पनि बढाउन आवश्यक रहेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हिंस्रक बाघलाई खुला चिडियाघर बनाएर उनीहरूको संरक्षण गर्न आवश्यक छ, खुला चिडियाघर बनाएर त्यसलाई आयआर्जनसँग जोड्न सकिन्छ ।"

नेपालमा बाघको संख्या सन् २००९ मा एक सय २१ रहेकामा सन् २०२२ मा बढेर तीन सय ५५ पुगेको छ । बाघको संख्या सन् २०१३ मा एक सय ९८ र सन् २०१८ मा दुई सय ५३ रहेको थियो । बाघको संख्या बढ्दै गर्दा बासस्थान क्षेत्र ९३ प्रतिशत घटेको आचार्यले बताउनुभयो । एक सय वर्ष पहिले विश्वमा एक लाखको हाराहारीमा बाघ रहेकामा अहिले यो संख्या घटेर पाँच हजार पुगेको उहाँले जानकारी दिनुभयो । पछिल्ला वर्षहरूमा बाघको संरक्षणमा ध्यान दिइएकाले यसको संख्या बढ्दै गएको हो ।

नेपालको वन क्षेत्रमा पाँच सयको हाराहारीमा बाघ राख्न सकिने आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "निकुञ्जको कोर क्षेत्रमा चार सय चार बाघ राख्न सकिने देखिन्छ ।" बाघको मुख्य आहार मृग प्रजाति रहेकाले यसलाई समेत संरक्षण गर्न आवश्यक छ । मृग प्रजातिसँगै बाँदर र घरपालुवा जनावार बाघको आहाराका रूपमा रहेको सो अवसरमा जानकारी दिइयो ।रासस

# यस्तो छ तरकारी र फलफूलको थोक मूल्य

काठमाण्डु । कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले सोमबारका लागि कृषि उपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।



गोलभेँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभेँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभेँडा सानो (लोकल) प्रतिकिलो रु २५, गोलभेँडा सानो (तराई) प्रतिकिलो रु ३०, आलु रातो प्रतिकिलो रु ३५, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ६०, गाजर (लोकल) प्रतिकिलो रु ५०, गाजर (तराई) प्रतिकिलो रु ३५, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (तराई) प्रतिकिलो रु १५, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ३०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ३०, मूला रातो प्रतिकिलो रु ५०, मूला सेतो (लोकल) प्रतिकिलो रु १८, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २५, भन्टा लाम्चो प्रतिकिलो रु ३५ तथा भन्टा डल्लो प्रतिकिलो रु ५०, तने बोडीको मूल्य प्रतिकिलो रु १३० कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ५०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ७०, घिउ सिमी (राजमा) प्रतिकिलो रु १२०, टाटे सिमी प्रतिकिलो रु ८०, तितो करेला प्रतिकिलो रु १३०, लौका प्रतिकिलो रु ५०, परबर (लोकल) प्रतिकिलो रु ८०, परबर (तराई) प्रतिकिलो रु ८०, घिरौला प्रतिकिलो रु ७०, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ३, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३५, सलगम प्रतिकिलो रु ६० तथा भिण्डी प्रतिकिलो रु १२० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ४०, पिँडालु प्रतिकिलो रु ८०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ६०, पालुङ्गो साग प्रतिकिलो ६०, चमसुरको साग रु ७०, तोरीको साग प्रतिकिलो रु ४०, मेथीको साग प्रतिकिलो रु ६०, प्याज हरियो प्रतिकिलो रु ४०, बकुला प्रतिकिलो रु ६०, तरुल प्रतिकिलो रु ९०, च्याउ (कन्य) प्रतिकिलो रु १८०, च्याउ (डल्ले) प्रतिकिलो रु ४०० तथा कुरिलो प्रतिकिलो रु ७०० निर्धारण गरिएको छ ।

निगुरो प्रतिकेजी रु १२०, ब्रोकाउली प्रतिकिलो रु ५०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु २००, कोइरालो प्रतिकिलो रु १८०, रातो बन्दा प्रतिकिलो रु ५०, जिरीको साग प्रतिकिलो रु ६०, ग्याठकोभी प्रतिकिलो रु ४०, सेलरी प्रतिकिलो रु १५०, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ६०, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १६०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुकको मूल्य प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २७०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, सुन्तला (भारतीय) प्रतिकिलो रु १३०, तरबुजा हरियो प्रतिकिलो रु ८०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु १६०, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु ६०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ३५, रुख कटहर प्रतिकिलो रु १००, निबुवा प्रतिकिलो रु ६०, नासपाती (चाइनिज) प्रतिकिलो रु २५०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु १२०, स्ट्रबेरी (भुइँऐसेलु) रु २५०, किवी प्रतिकिलो रु ४५० तथा आभोकाडो प्रतिकिलो रु ६५०, अमलाको मूल्य प्रतिकिलो रु १०० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकिलो रु १२०, खुर्सानी सुकेको प्रतिकिलो रु ३३०, खुर्सानी हरियो प्रतिकिलो रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ७०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ७०, सुर्खानी हरियो (अकबरे) प्रतिकिलो २५०, भेडे खुर्सानी प्रतिकिलो रु १००, लसुन हरियो प्रतिकिलो रु ६०, हरियो धनिया प्रतिकिलो रु १००, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, छ्यापी सुकेको प्रतिकिलो रु १६०, छ्यापी हरियो प्रतिकिलो रु ६०, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १७०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउको मूल्य प्रतिकिलो रु ८०० तोकेको छ ।रासस

# अन्नपूर्ण क्षेत्रमा पदयात्री पर्यटकको चहलपहल

गण्डकी। दोस्रो मुख्य पर्यटकीय याम सुरु भएसँगै अन्नपूर्ण चक्रीय पदमार्गमा पदयात्री पर्यटकको चहलपहल बढ्न थालेको छ । यस क्षेत्रमा चैत-वैशाख र असोज-कात्तिकको याम पदयात्राका लागि उत्तम मानिन्छ।



ट्रेकिङ एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले गत सातादेखि पर्यटकको आउजाउ बढेको बताउनुभयो । "मौसम सफा छ, हिमाल खुलेको छ, पर्यटन क्षेत्र चलायमान बनेको छ", उहाँले भन्नुभयो, "शरद ऋतुपछि यो याममा धेरै पर्यटक नेपाल भित्रन्छन् ।"

अध्यक्ष आचार्यका अनुसार पदयात्रामा विदेशी पर्यटकसँगै पछिल्लो समय आन्तरिक पर्यटकको पनि आकर्षण बढेको छ । अन्नपूर्ण संरक्षण क्षेत्रमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ, म्याग्दीको घोडेपानी, कास्कीको खुमै डाँडा, कोरी आदि पदयात्री पर्यटकको रोजाइमा पर्ने गन्तव्यस्थल हुन् । अन्नपूर्ण चक्रीय पदमार्ग पदयात्राका लागि विश्वप्रसिद्ध गन्तव्यस्थल रहेको अध्यक्ष आचार्यले बताउनुभयो ।

गत वर्ष पोखरालाई पर्यटनको राजधानी सहरका रूपमा घोषणा गरेपछि यस क्षेत्रमा पर्यटकको आकर्षण थप बढेको उहाँको भनाइ छ । पोखरा जोड्ने मुख्य सडकमार्ग र अन्तरर्राष्ट्रिय हवाईयात्रालाई नियमित तथा व्यवस्थित बनाउन सके उल्लेख्य सङ्ख्यामा पर्यटक भित्र्याउन सकिने उहाँले बताउनुभयो । अध्यक्ष आचार्यले कतिपय पुराना र स्थापित पदमार्ग सडकका कारण सङ्कटमा परेकाले तिनको विकल्प खोज्नुपर्ने बताउनुभयो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार अन्नपूर्ण क्षेत्रमा सन् २०२४ मा दुई लाख ४४ हजार ४५ जना विदेशी पर्यटक भित्रिएका थिए । जसमा दक्षिण एसियाली मुलुकका एक लाख ३२ हजार ९४ र अन्य मुलुकका एक लाख ११ हजार नौ सय ५१ रहेका थिए। उक्त सङ्ख्या हालसम्मकै बढी रहेको आयोजना प्रमुख डा रविन कडरियाले बताउनुभयो । त्यसअघि सबैभन्दा बढी सन् २०२३ मा एक लाख ९१ हजार पाँच सय ५८ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका थिए ।

सन् २०१९ मा एक लाख ८१ हजार पर्यटक भित्रिएकामा त्यसयता कोभिड-१९ महामारीका कारण पर्यटक आगमन घटेको थियो । उक्त महामारी छँदा सन् २०२१ मा जम्मा १६ हजार एक सय पाँच पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए। त्यसको अर्को वर्षअर्थात् सन् २०२२ मा जम्मा एक लाख २९ हजार सात सय ३३ पर्यटक अन्नपूर्ण क्षेत्रमा पुगेका थिए । गत वर्षदेखि यस क्षेत्रको पर्यटन पुरानै लयतिर फर्किएको 'एक्याप'का प्रमुख डा कडरियाले बताउनुभयो ।

उहाँका अनुसार 'एक्याप' ले पदयात्रा र सडकमार्ग भएर सो क्षेत्रका विभिन्न गन्तव्यस्थलमा पुग्ने विदेशी पर्यटकको तथ्याङ्क राख्दै आएको छ। सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् ।

अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले देशविदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ । यहाँको प्राकृतिक सौन्दर्य, विशिष्ट भूगोल, हावापानी, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता र संस्कृतिको अवलोकनसँगै घुमफिरको आनन्द लिन पर्यटक पदयात्रामा जाने गरेका छन् । रासस

# सिँचाइ सुविधापछि तीन बाली खेती

फिक्कल । इलाम नगरपालिका-१० भिरगाउँमा सिँचाइ योजना पुनःनिर्माण भएपछि किसानलाई खाद्यबालीसँगै तरकारीखेती गर्न सहज भएको छ । वर्षमा एक बालीमात्र उत्पादन हुँदै आएको सो क्षेत्रमा सिँचाइ आयोजना पुनर्निर्माणपछि किसानले तीन बालीसम्म खेती गर्न थालेका छन् ।



साना सिँचाइ कार्यक्रमअन्तर्गत रु ४१ लाख ९४ हजारको लागतमा मालबाँसे भिरगाउँ हुँदै तेस्रोगाउँ जोड्ने सिँचाइ आयोजना पुनर्निर्माणपछि किसानले राहत पाएका हुन् । स्थानीय अँधेरीखोलाबाट आठ सय ९५ मिटर लामो पक्की कुलो निर्माण भएको वडा नं १० का वडाध्यक्ष दिलीप प्रधानले जानकारी दिनुभयो । आयोजनाबाट ३९ घरपरिवारको १५ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार एको छ ।

आयोजना पुनर्निर्माण सम्पन्न भई पानी आउन थालेपछि भिरगाउँका किसान खुसी भएका हुन् । पानी अभावमा खेत बाँझै राखेर बस्न विवश भिरगाउँका किसानलाई सिँचाइ आयोजनाले राहत मिलेको उपभोक्ता समितिका अध्यक्ष किशोर रम्तेलले बताउनुभयो । स्वीडेन सरकारको रु १२ लाख ५८ हजार, सङ्घीय सरकार, प्रदेश सरकार र इलाम नगरपालिकाको रु आठ लाख ३८ हजारका दरले तथा स्थानीय उपभोक्ताको रु चार लाख १९ हजारको साझेदारीमा उक्त आयोजना पुनर्निर्माण गरिएको हो ।

आयोजना पुनर्निर्माणपछि धान, मकैजस्ता मौसमी बालीको मात्र खेती हुँदै आएको सो क्षेत्रमा अहिले मौसमी र बेमौसमी तरकारीसँगै नगदेबाली पनि उत्पादन हुन थालेको उपभोक्ता समिति सचिव मनकुमारी समालले बताउनुभयो । "पहिले मौसमी धान र मकैखेती मात्र गरिन्थ्यो, अहिले सिँचाइ सुविधा आएपछि बेमौसमी तरकारीको पनि व्यावसायिक खेती हुन थालेको छ", सचिव समालले भन्नुभयो, "यसबाट किसानको आर्थिक अवस्था सुधार आउने विश्वास छ ।"

स्थानीय उपभोक्ता भीमकुमारी मगर आयोजना पुनर्निर्माणसँगै अकासे पानीको भर पर्नुपर्ने बाध्यताबाट मुक्त भएकको बताउनुहुन्छ । अहिले भिरगाउँका किसान तीन बालीसम्म खेती गर्न थालेका छन् । सिँचाइ सुविधा पुगेपछि अन्नबाली, नगदेबाली तथा तरकारीबाली उत्पादन वृद्धि हुने उहाँले बताउनुभयो । कृषि ज्ञान केन्द्रको तथ्याङ्कअनुसार यस वर्ष १० हजार तीन सय ४२ हेक्टरमा धानखेती गरिएकामा ३५ हजार ३९ मेट्रिक टन धान उत्पादन भएको छ। इलाममा रन्जित, राधा४, चुल्ठेर अन्य स्थानीय जातको धानखेती गरिन्छ ।रासस


## श्री गुठी संस्थान

**शाखा कार्यालय, जनकपुरधाम**

**पोखरीको ठेक्का सम्बन्धी बोलपत्र आव्हान गरिएको 30 (तिस) दिने सार्वजनिक सूचना**

**दोश्रो पटक प्रकाशित मितिः २०८१/१२/१२**

यस कार्यालय अर्न्तगत रहेको जि.ध. धनौजी वडा नं.५ कित्ता नं. १६ क्षे.फ. ३-१२-७ को गुठी तैनाथी जग्गा रहेको पोखरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा न्यूनतम वार्षिक ठेक्का रकम रु. २,००,००० (अक्षरुपी दुई लाख मात्र) मा नघटने गरी ५ (पांच) वर्षका लागि ठेक्कामा बन्दोवस्त गर्नुपर्ने भएकोले देहायका शर्त अनुसार यो सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म यस कार्यालय वाट बोलपत्र फाराम खरिद गरी १६ औं दिनको १२:०० बजे सम्म आफूले लिन चाहेको दर अंक र अक्षरमा उल्लेख गरी लाह छाप सहितको सिलबन्दी गोप्य बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ। दर्ता भएका गोप्य बोलपत्रहरु सोहि दिनको २:०० बजे बोलपत्र नियमानुसार कार्यालयमा खोलिनेछ। थप जानकारीका लागी कार्यालयमा सर्म्पक गर्न सूचित गरिन्छ।

**श्री गुठी संस्थान शाखा कार्यालय जनकपुरधाम, धनुषा।**

**सम्पर्क टेलिफोन नं. ०४१-५९०२८१**



## पशुपति प्लाइबोर्ड उद्योग प्रा.लि.को

**सूचना**

**प्रकाशित मिति : २०८१/१२/११**

पशुपति प्लाइबोर्ड उद्योग प्रा.लि.ले काठजन्य वस्तु (प्लाइउड र प्लाइबोर्ड, फ्लसडोर, डेकोरेटिव टिक) उत्पादन गर्नका लागि मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला नगरपालिका वार्ड नं. ६, ढल्केवरमा उद्योग संचालन गरी रहेको र हाल यस उद्योगको थप पूँजी तथा क्षमता अभिवृद्धि गर्न यस उद्योगको परिमार्जित प्रारम्भिक वातावरणीय अध्ययन कार्य भैरहेको छ। वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नुपर्ने व्यवस्था अनुरुप निम्न उल्लेखित स्थान र समयमा आयोजना गरिने सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी भई आफ्नो राय सुझाव प्रदान गरि दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

१. **प्रस्तावित उद्योग स्थापित स्थल** : धनुषा जिल्ला, मिथिला नगरपालिका वार्ड नं. ६, ढल्केवर
२. **प्रस्तावित उद्योगको वार्षिक क्षमता** : १२,००,००० व.मी. प्लाइउड, २,००,००० व.मी. फ्लसडोर, २,००,००० व.मी. डेकोरेटिव टिक
३. **प्रस्तावित उद्योगको जग्गा क्षेत्रफल** : २८,२३३.४०८२ व.मी. जग्गा र कित्ता नं. ५०, ३२२, १६५, ५४२, ५९४, २२४, ५३७, २२३, ५३९, ७३१, १५८, ६३५, ६३१, ६३२, १४७, ६३४
४. **सार्वजनिक सुनुवाई हुने स्थान, समय** : उद्योग परिसर, धनुषा जिल्ला, मिथिला नगरपालिका वार्ड नं. ६, ढल्केवर, मिति : २०८१/१२/१७, दिनको ११:०० बजे

# कर्मचारी र जनप्रतिनिधिको मिलेमतोमा जग्गा हेरफेर

**साविक धनुषाको तेजनगर गाविस वडा नम्बर ८ (क) को कित्ता नम्बर ३०७ मा रहेको १ बिघा ५ धुर जग्गा हाल धनुषाधाम नगरपालिका वडा नम्बर ४ मा छ । तर जग्गा रजिष्ट्रेशनको लागि घरको बाटो लागि सिफारिस धनुषाधाम नगरपालिका वडा नम्बर ७ बाट गराइ भूमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट जग्गा रजिष्ट्रेशन गरेको खुलाएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाम नगरपालिकाका जनप्रतिनिधिले एक वडाको जग्गा अर्का वडाले बिक्री गरेको पाइएको छ ।

धनुषामा भूमिसुधार तथा मालपोत कार्यालयका केही कर्मचारी र धनुषाधाम वडा नम्बर ४ मा रहेको जग्गा धनुषाधाम वडा नम्बर ७ का वडाध्यक्ष हेमनारायण यादवको मिलेमतोमा करोडौंको जग्गा अर्कैको नाममा रजिष्ट्रेशन गरिएको तथ्य सार्वजनिक भएको छ ।




धनुषाको धनुषाधाम नगरपालिका वडा नम्बर ४ स्थित १ बिघा ५ धुर जमिन बेचिसकेकै व्यक्तिको नाममा पास भइसकेको देखिएको छ । साविक धनुषाको तेजनगर गाविस वडा नम्बर ८ (क) को कित्ता नम्बर ३०७ मा रहेको १ बिघा ५ धुर जग्गा हाल धनुषाधाम नगरपालिका वडा नम्बर ४ मा छ । तर जग्गा रजिष्ट्रेशनको लागि घरको बाटो लागि सिफारिस धनुषाधाम नगरपालिका वडा नम्बर ७ बाट गराइ भूमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट जग्गा रजिष्ट्रेशन गरेको खुलाएको छ ।

जग्गाको साबिकका धनी धनुषाको विदेह नगरपालिकाका स्वर्गीय केशी अधिकारीका तीन छोराहरु भरत कुमार यादव, चन्देश्वर प्रसाद यादव र दिनकर यादवको नाममा रहेको छ । उनीहरुका बुबा केशी अधिकारीले करिब ५० वर्ष पहिले नै सो जग्गा स्थानीय विशेश्वर यादव, रामहित यादव र रामप्रसाद यादवसँग बेचबिखन गरेका थिए । बेचबिखन भइसकेको थियो । सो जग्गा वर्षौंदेखि तीनै जना दाजुभाईसँग वर्तमान जग्गा धनीहरुले रजिष्ट्रेशन गरिदिनका लागि आग्रह गर्दै आएका थिए ।

तीनै दाजुभाईले अर्कोदिन गर्दै जग्गा रजिष्ट्रेशनको लागि आलटाल गरिरहेका थिए । सोही मौका छोपी केही दिन अगाडि सो १ बिघा ५ धुर जग्गा साविककै जग्गा धनीको नाममा रजिष्ट्रेशन भएको जानकारी पाएपछि घटना सार्वजनिक भएको छ ।

सो जग्गा धनुषाधाम नगरपालिका वडा नम्बर ४ मा परे पनि वडा नं. ७ का वडाध्यक्ष हेमनारायण यादवले घरबाटो सिफारिस दिएको पाइएको छ ।

सो घटना वडा नं. ४ का वडाध्यक्ष मनोज कुमार यादवले थाहा पाएपछि उनले आपत्ति जनाएका छन् । उनले आफ्नो वडाको जग्गा अन्य वडा कार्यालयले बेचबिखन के कति आधारमा गरेको प्रश्न गरे । उनले भूमिसुधार तथा मालपोतका कर्मचारी र वडाध्यक्ष हेमनारायणले मिलिभगतमा अर्काको जग्गा अर्काको नाममा गरेको आरोप पनि लगाए ।

२०८१ फागुन १८ गतेमा चलानी नम्बर ७४४ मा वडाध्यक्षले अवैध रुपमा घरबाटो सिफारिस गरेको देखिएको छ ।

सो जग्गामा अहिले करिब ३० वटा घर बने पनि वडा नं. ७ का वडाध्यक्ष हेमनारायण यादवले घरबाटो सिफारिस गरेका घरहरु नरहेको र खाली जग्गा मात्र रहेको भनेर सिफारिस गरेको पाइएको छ

सो जग्गा विशेश्वर यादव, रामहित यादव, रामप्रसाद यादवलगायतका व्यक्तिले साविकका जग्गा धनी भरत कुमार यादव, चन्देश्वर प्रसाद यादव, दिनकर यादवका बुवा केशी अधिकारीसंग ५० वर्ष अघि नै खरिद गरेको थियो । अहिले सो स्थानमा करिब २० घरधुरी रहेको धनुषाधाम- ४ का वडाध्यक्ष मनोज यादवले बताए ।

# 'पूर्वाधार विकासमा आधारित उद्यमशीलता र रोजगारी आवश्यक छ'



**टुडे समाचारदाता**

जलेश्वर । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत सिंह भण्डारीले भौतिक पूर्वाधार विकासलाई उद्यम, उत्पादन र रोजगारीसँग जोड्न नसकेको बताएका छन् ।

महोत्तरीको बर्दिबासमा सोमबार आयोजना गरेको '१ हजार दिनको उपलब्धि' सार्वजनिक कार्यक्रममा मन्त्री भण्डारीले नागरिकले विकासको अनुभूति गर्न नसकेको बताएका छन् ।

मन्त्री भण्डारीले भने, 'घरघरमा सडक, पानी, बिजुली पुगे पनि नागरिक सन्तुष्ट छैनन्,' उनले अघि थप्दै भने, 'मुलुकमा नैराश्यताको वातावरण बनेको छ । गलत भाष्य निर्माण भएको छ । नैराश्यता र गलत भाष्य चिर्न पूर्वाधारमा आधारित उद्यमशीलता र रोजगारीका अवसर ल्याउनु पर्छ । विदेशबाट फर्केर आएका जनशक्तिको सीप र जागरलाई सदुपयोग गरी विकासको अनुभूति गराउनु पर्ने समय आएको छ ।'

बर्दिबास नगरपालिकाले भविष्यमा आफ्नो स्वरूप कता लैजाने भन्ने विषयमा अहिले नै छलफल गर्नु पर्ने उनले बताए ।

'छिमेकी भारत र चीन जोड्ने मेगा प्रोजेक्ट अन्तर्गत भिठ्ठामोड-बर्दिबास-खुर्कोट हुँदै चीनसम्म जोडिने सडक बर्दिबास भएर जानेछ । पूर्व-पश्चिम विद्युतीय रेलको जक्सन पनि बर्दिबास नै हो,' उनले भने, 'दुई देशलाई जोड्ने सडक बर्दिबासबाटै जोडिँदै छ । हामीसँग दुई छिमेकीलाई एक-अर्कासँग लडाउने समय छैन । हामी मित्र हौँ । दुई देशलाई जोडेर विकासतर्फ अघि बढ्ने सोचका साथ अघि बढ्ने समय आएको छ ।'

सरकारले आगामी दशकलाई 'रोजगारीको दशक' का रूपमा मनाउन लागेको उनले बताए ।

# संस्थागत विद्यालयलाई पाठ्यपुस्तक नामावली पेश गर्न म्याद थप

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ धनुषाबाट प्राप्त गुनासोपछि धनुषा जिल्लाका सबै संस्थागत विद्यालयहरूलाई पाठ्यपुस्तक नामावली पेश गर्न थप सात दिनको म्याद दिइएको छ ।




शिक्षासम्बन्धी निर्देशनिका अनुसार विद्यालयहरूले पाठ्यपुस्तक र स्टेशनरी बिक्री गर्न नपाउने र विद्यालयले तोकेको ड्रेस कोडको नमुना विद्यार्थीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ ।

विद्यालयहरूले विद्यार्थी तथा अभिभावकलाई पाठ्यपुस्तक र स्टेशनरी विद्यालयबाटै खरीद गर्न बाध्य पार्ने गरेको गुनासो प्राप्त भएको थियो । यस कारण सम्बन्धित विद्यालयहरूले राष्ट्रिय पाठ्यक्रम परिषद् र पाठ्यपुस्तक विकास केन्द्रद्वारा स्वीकृत पाठ्यपुस्तकहरूको नामावली ७ दिन भित्र पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

जनकपुरधाम उपमहानगरपालिकाका शिक्षा तथा खेलकुद विकास शाखा प्रमुख धीरेन्द्र लाल कर्णले एक विज्ञप्ति जारी गर्दै विद्यालयहरूलाई पाठ्यपुस्तकहरूको नामावली पेश गर्न आग्रह गरेका छन् । उनले विद्यालयहरूले निर्देशिका उल्लंघन गरे कानूनी कारबाही गरिने र त्यसको जवाफदेही सम्बन्धित संस्थापक र प्रिन्सिपललाई बनाइने चेतावनीसमेत दिए ।

विद्यालयहरूलाई पाठ्यपुस्तक र स्टेशनरी बिक्री गर्ने अधिकार नरहेको र विद्यार्थीहरूलाई विद्यालयको तय गरिएको स्थानबाट मात्रै पोशाक खरिद गर्न बाध्य नपारिने निर्देशिकामा उल्लेख छ ।

शाखा प्रमुख कर्णले विद्यालयहरूको एकरूपता कायम राख्न र पाठ्यपुस्तकको नामावली सही समयमै पेश गर्न अनिवार्य रूपमा सम्बन्धित संस्थागत विद्यालय युनियनसंग सहकार्य गर्न आग्रह गरेका छन् । युनियनहरूमा प्याबसन, एनप्याबसन, मधेश प्याबसन र नेपाल प्याबसन जनकपुरधामका सदस्य विद्यालयहरूले आवश्यक पहल गरी नामावली पेश गर्नुपर्ने उनले स्पष्ट पारेका छन् ।

# ब्यारेजभित्र सडेको एक शव फेला

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्लाहीको बलरामा बेवारिसे पुरुषको शव फेला परेको छ ।

जिल्लाको बलरा नगरपालिका-१०, सुदामास्थित मनुष्मारा ब्यारेजमा पहिचान खुल्न नसकेको व्यक्तिको शव फेला परेको छ ।

नाम, ठेगाना खुल्न नसकेको पुरुषको सिँचाइका लागि बनाइएको ब्यारेजभित्र मृत अवस्थामा फेला परेका जिल्ला प्रहरी कार्यालय सर्लाहीका निमित्त प्रवक्ता एवं प्रहरी निरीक्षक बालिष्टर सिंहले जनाए । स्थानीय गाउँलेले ब्यारेजभित्र सड्न थालिसकेको शव देखेपछि सर्लाही प्रहरीमा खबर गरेका थिए ।

घटनास्थलको प्रकृति मुचुल्का गरी मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा ल्याइएको जनाइएको छ ।

बक्स पाइन्ट र टि-सर्ट लगाएका पुरुषको शव सडिसकेकाले हुलिया खुलाउन समेत समस्या परेको सर्लाही प्रहरी निरीक्षक सिंहले बताए । उनले शवको पहिचान खुलाउन मातहतका प्रहरी युनिटमा पत्राचार तथा नजिकका गाउँमा सोधखोज गरिरहेको बताए ।

# ठाकुरराम क्याम्पसको मतगणनाका लागि दलहरु एकमत



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जस्थितठाकुररामक्याम्पसमा सम्पन्न स्ववियु चुनावको रोकिएको मतगणना सुचारु हुनु पर्नेमा पर्साका अधिकांश स्थानीय राजनीतिक दलहरु एकमत भएका छन् ।

जिल्ला प्रशासन कार्यालय पर्साले जिल्ला प्रशासन कार्यालयको सभाहलमा आयोजना गरेको सर्वदलीय बैठकमा ठाकुरराम क्याम्पसमा रोकिएको मतगणना सुचारू हुनु पर्नेमा पर्साका राजनीतिक दलहरू एक मत भएका छन् ।

सो बैठकबाट फर्जी शैक्षिक प्रमाणपत्रको आधारमा विद्यार्थी भर्ना गर्ने गिरोहलाई कारबाही गरी मतपेटिकाको नम्बर परिवर्तनको विषयमा सत्यतथ्य सार्वजनिक गरेर मतगणना सुचारु हुनु पर्नेमा सबै पार्टी प्रतिनिधिहरु एकमत भएको बैठकमा सहभागी राष्ट्रिय स्वतन्त्र पार्टी पर्सा सभापति हरि पन्तले बताए । बाक्सामा खसी सकेको मतको ससम्मान गन्ती हुनु पर्छ भन्नेमा कसैको फरक मत रहेको पन्तले बताए ।

सो बैठकमा पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले दोषी देखिएका जो कोहीलाई पनि कारबाही गर्न प्रशासन पछि नपर्ने बताए । उनले फर्जी प्रमाणपत्रको आधारमा विद्यार्थी भर्नाको जडसम्मै पुगेर कारबाही अगाडि बढाइने बताए । मतपेटिका सुरक्षाका बिषयमा पर्सा प्रहरी प्रमुख गौतम मिश्र र सशस्त्र प्रहरी १३ न गण का गणपति राधेश्याम धितालले थप प्रष्ट पार्दै कुनै पनि किसिमको गम्भीर त्रुटि नरहेको स्पष्ट पारेका थिए ।

सो बैठकमा एमाले पर्सा अध्यक्ष डा बिस्वम्भर शर्माले सबैले आ आफ्नु भातृसङठन हरुलाइ यस बिषयमा आफुहरुले प्रष्ट पार्ने बताएका थिए ।

सो बैठकमा एमाले अध्यक्ष डा. विश्वम्भर शर्मा, नेपाली कांग्रेसका तर्फबाट प्रवक्ता पाण्डे एवम् नेता नवीन सिंह, राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सभापति हरि पन्त, जसपाका सिङासन तेली, तबरेज अहमद, नेकपा माओवादी केन्द्रका प्रभाकर गुप्ता, समाजवादीका मनोज चौधरीलगायत नेताहरूको उपस्थिति थियो ।

# नयाँ वर्षमा 'रात्रि बजार'



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जमा नयाँ वर्षको अवसरमा 'रात्रि बजार' लाग्ने भएको छ । नयाँ वर्ष २०८२ को स्वागतमा वीरगञ्ज महानगरपालिकाले आदर्शनगर स्थित पुरानो बसपार्कसम्म 'रात्रि बजार' सञ्चालन गर्ने तयारी गरेको जनाइएको छ ।

चैतको अन्तिम शुक्रबार २९ गतेदेखि ३१ गतेसम्म तीन दिनसम्म रात्रि बजार सञ्चालन गर्न लागिएको महानगरका मेयर राजेशमान सिंहले बताए ।

नयाँ वर्षको उपलक्ष्यमा आयोजना गर्न लागिएको रात्रि बजारले वीरगञ्जको अर्थतन्त्र चलायमान बनाउनुका साथै अबेरसम्म बजार सञ्चालन हुने विश्वास लिएको जनाइएको छ ।

यस अघिका वर्ष पनि महानगरले रात्रि बजार लगाउँदै आएको थियो । रात्रि बजारमा खानाका विशेष परिकार, लत्ताकपडा, कस्मेटिक, भाडाँकुडा लगायतका सरसामानका स्टल राखिने योजना रहेको जनाइएको छ ।

वीरगञ्ज महानगरले रात्री बजार सञ्चालनका लागि विभिन्न संघ संस्थासँग सहकार्य गरेको छ । ग्रीन सिटी सामुदायिक सेवा प्रहरी केन्द्र, एनवाईईएफ, वीरगञ्ज साइकलिङ क्लब, ओमेन्स क्रिएसन र फोरजीआरसँगको समन्वयमा महानगरले रात्रि बजार लगाउन लागेको छ ।

रात्रि बजारमा लगाइने स्टलहरुको केही दिनमा नै बुकिङ खुल्ला गरिने ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले जनाए ।

# शिवशंकर महतो हत्या प्रकरणमा एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-८ दिगम्बरपुरका २५ वर्षीय शिवशंकर महतो हत्या प्रकरणमा एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।



धनुषा प्रहरीले उनलाई हत्या गरेको आशंकामा उनकी श्रीमती सिर्जनालाई पक्राउ गरेको छ । महोत्तरी प्रहरीका डिएसपी सन्तुलाल जयसवारले जनाएअनुसार सिर्जनालाई अनुसन्धानको सिलसिलामा हिरासतमा लिइएको छ ।

शुक्रबार साँझ महोत्तरीको गौशाला नगरपालिका-८ स्थित सागरनाथ वन क्षेत्रमा रेल्वे ट्र्याक नजिकै फेला परेको शिवशंकरको शवले प्रहरीलाई निकै गम्भीर अवस्थामा पुर्‍याएको छ । शवको अवस्थाबाट गर्धनमा धारिलो हतियारले प्रहार गरी हत्या गरिएको देखिएको छ भने शवलाई घिसारेर अन्यत्र लैजान खोजिएको समेत अनुमान गरिएको छ । अनुसन्धानकै क्रममा शिवशंकरलाई अन्तिम पटक मोटरसाइकलमा लैजाने व्यक्तिको समेत पहिचान भइसकेको प्रहरीले जनाएको छ ।

धनुषा प्रहरी अनुसन्धानमा आएका विभिन्न तथ्यहरूले घटना झन् रहस्यमयी बनेको छ । शिवशंकर बिहीबार दिउँसो श्रीमती सिर्जना र १० महिने छोरासहित बर्दिबासस्थित ससुराली जान निस्किएका थिए । तर उनले ससुरालीमा पुग्न नपाउँदै उनको मृत्यु भएको अवस्थामा शव फेला परेको छ । श्रीमती सिर्जनासँगको अन्तिम संवाद र घटनास्थलको विस्तृत विवरणले धनुषा प्रहरीलाई थप शंका उब्जाएको छ ।

केही दिनअघि शिवशंकरको ससुरालीमा भएको विवाद र कुटपिटको घटनाले परिवारमा तनाव बढाएको थियो । परिवारले दिएको जानकारी अनुसार शिवशंकर ससुराली जान चाहिरहेका थिएन । तर सिर्जनाले हजुरबुबाको मृत्यु भएको बहाना बनाउँदै उनलाई ससुराली जान बाध्य बनाएकी थिइन् । सो घटनाले हत्याको पृष्ठभूमिमा पारिवारिक विवाद र आन्तरिक तनावको सम्भावनालाई बल दिएको छ ।

शिवशंकरको भाइ राम महतोले दिएको बयान अनुसार महेन्द्रनगरसम्म उनीहरू एउटै मोटरसाइकलमा पुगेका थिए । त्यहाँबाट सिर्जनाले माइतबाट थप दुईवटा मोटरसाइकल मगाएकी थिइन् । त्यसपछि शिवशंकर र सिर्जना छुट्टाछुट्टै मोटरसाइकलमा यात्रा गरेका थिए । अनुसन्धानले शिवशंकरलाई मोटरसाइकलमा बसाएर लैजाने व्यक्तिको पहिचान गरिएको जनाइएको छ ।

धनुषा प्रहरीले अनुसन्धानलाई व्यापक बनाउँदै विभिन्न सम्भावनाहरूलाई पनि अध्ययन गरिरहेको छ ।


## नागरिक वडापत्रको उपयोग गरौं ।

**नागरिक वडापत्रमा :**

- सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
- सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
- सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
- सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
- तोकिएबमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन् ।

**सेवाग्राहीले :**

- समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८